# पितृसत्ता के हो?



कमला भसीन
Kamla Bhasin

# पितृसत्ता के हो ?

कमला भसीन

**हिन्दी भाषाबाट नेपालीमा अनुवाद** : स्वर्गीय प्रेमबहादुर श्रेष्ठ

**नेपाली भाषा सम्पादन** : सुखमाया बोहरा, अनन्तलक्ष्मी श्रेष्ठ,
शैलेश श्रेष्ठ

**डिजाइन र ग्राफिक** : बिन्दिया थापर

**प्रकाशक** : स्त्री शक्ति
लाजिम्पाट, काठमाण्डौ
पोष्ट बक्स नं. २३१११
फोन/फ्याक्स : ४४४६०५३/४४३३६९८
E-mail : shtriishakti@s2.wlink.com.np
Webside : www.shtriishakti.org

**पहिलो संस्करण** : २०००
**दोस्रो संस्करण** : २०१०
**तेस्रो संस्करण** : २०११
**चौथो संस्करण** : २०१४

# आभार

महिला आन्दोलनका पवित्र अभियानमा लागेका विश्वका चर्चित महिलाहरूमध्ये श्री कमला भसीन पनि एक हुनुहुन्छ । दक्षिण एशियाली राष्ट्रहरूमा उहाँको नाम अग्रपंक्तिमा आउँछ । विकासका गतिविधिहरूमा जबसम्म महिलावादी दृष्टिकोण अगाडि ल्याइँदैन, तबसम्म विकास र विशेषगरी महिलाहरूको विकास गर्न सकिन्न भन्ने दृष्टिकोणलाई अगाडि राखी विभिन्न क्रियाकलापहरूको माध्यमद्वारा उहाँले महिला हकहितका लागि महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनुभएको छ ।

यसै सन्दर्भमा, उहाँको विभिन्न विषयहरूमा लेखिएका पुस्तकहरू छोटो र सरल भाषामा विभिन्न अवधारणाहरू स्पष्ट पार्नमा सहयोगी सिद्ध भएका छन् । यस अघि पनि जेण्डर अवधारणा बुझ्नको लागि उहाँको "लडकी क्या है, लडका क्या है" ? पुस्तकको नेपालीमा अनुवाद गरी प्रकाशन गर्ने मौका पाएका थियौं । यसैगरी उहाँको हिन्दीमा प्रकाशित "पितृसत्ता क्या है ?" पुस्तकको नेपाली भाषामा प्रकाशन गर्न अनुमति दिनु भएकोमा स्त्री शक्ति उहाँ र उक्त पुस्तक हिन्दी भाषामा प्रकाशन गर्ने भारतको जागोरी संस्थाप्रति पनि आभार प्रकट गर्दछ ।

यो पुस्तक पितृसत्ताको अवधारणा बुझ्नको लागि उपयुक्त भएकोले विभिन्न समूहहरू र तहहरूका तालिमहरूमा समावेश गरिँदै आएको छ । तसर्थ सबैलाई उपयुक्त हुने महशुस गरी प्रकाशित गरिएको छ । यसको सम्पूर्ण विषयवस्तु जस्ताको तस्तै राखिएको पनि जानकारी गराउँदै । आशा छ, यो पुस्तक हामी सबैको लागि उपयुक्त स्रोत हुनेछ । धन्यवाद ।

**इन्दीरा श्रेष्ठ**
स्त्री शक्ति

# परिचय

महिलाहरूको विकास सम्बन्धी काम यदि हामीले अझ ठीक तथा व्यवस्थित ढंगले गर्न चाहन्छौं भने महिलाहरूलाई निम्नस्तरको दर्जामा राखी तिनीहरूलाई नियन्त्रणमा राख्ने व्यवस्थाबारे राम्ररी जानकारी राख्नु आवश्यक छ । यो व्यवस्थालाई निरन्तरता दिन अपनाइएका सबै कार्यपद्धतिबारे पनि स्पष्ट व्याख्या सबै सामु छर्लङ्ग पार्नु आवश्यक छ । मैले बर्षौंसम्म महिलाहरूले भोग्ने यी दुःख, कष्ट, उत्पिडनको बारेमा विभिन्न कोण र पक्षहरूबाट अध्ययन गर्दा यी सब उत्पीडनको एक सिंगो तस्वीर नै दृष्टिगत भयो । मलाई यी सबै पक्षहरु एउटा व्यवस्थाका विभिन्न अङ्गहरु जस्तो लाग्यो जसलाई हामी पितृसत्ता भन्दछौं ।

शुरूशुरूमा त यी सबै कुरा बुझ्नै गाह्रो भयो । किनभने विभिन्न धारणा र अमूर्त कुराहरु बुझ्ने शक्ति ममा थिएन । विस्तार शिक्षाविद् साथीहरूको कुरा सुन्दै यताउतिबाट प्राप्त भएका सामग्रीहरु पढ्दै गरेपछि यो विषय राम्ररी बुझ्न सकिने हुँदै आयो । यसै सिलसिलामा बंगलादेशमा एक महिनासम्म सम्पन्न भएको कार्यशालाबाट मलाई निकै ठूलो मद्दत हुन गयो । यो कार्यशाला मैले आयोजना गरेकी थिएँ । यसमा हेगस्थित इन्स्टिच्युट अफ सोसियल स्टडिजमा काम गर्ने अमृता छाछी स्रोत व्यक्तिको रूपमा भाग लिन आउनु भएको थियो । यस कार्यशालाबाट मलाई मात्र हैन धेरै सहभागीहरूलाई विषयवस्तु र अवधारणाबारे राम्ररी बुझ्ने अवसर प्राप्त भयो ।

अनि सन् १९८७ देखि नै पितृसत्ताबारे छोटो तर सरल ढंगले लेखिएका लेखहरु खोज्न थालें, ताकि यस्ता लेखनहरूबाट प्राप्त भएका ज्ञान अरू महिलाहरु र महिला मानव अधिकारवादीहरूसँग बाड्न सकौं । यसबारे मैले जेजति पढें, धेरैजसो कुरा बुझ्न गाह्रो तथा गहिरो हुन्थे । कुनै कुनै कुरा

त यस्ता थिए, जसबारे पहिले नै धेरै ज्ञान नभै बुझ्न कठीन थियो अर्थात यस्तो कुरा फेला पार्न सकिन जुन पढेर एक साधारण व्यक्तिले यस विषयका आधारभूत कुरा बुझ्न सकुन् । त्यसैले बंगलादेशमा अमृताले प्रस्तुत गरेका विषयहरु र आफूले टिपेका कुराहरूको आधारमा मैले धेरै कार्यशालामा चर्चा परिचर्चाहरु गर्न थालें । चर्चा कै सन्दर्भमा मैले केही राम्रा लेखहरु र किताबहरु फेला पारें । त्यसपछि निश्चय गरें कि मैले जेजति पढें र त्यसमध्ये जुन जुन ठीक लाग्यो र ममाथि निश्चित छाप पाऱ्यो, ती सबैलाई एकत्रित गरी यस्तो रूपमा व्यक्त गरूँ जुन सबैका लागि बुझ्न सजिलोका सार्थ लाभदायक होस् ।

यस पुस्तिकामा मैले पितृसत्तार्ला दुई तरिकाले बुझ्ने कोशिश गरेकी छु । एउटा तरिका हो हामीले जीवनमा देखे भोगेका अनुभवबारे र दोस्रो तरिका

महिलाहरूलाई निम्न दर्जामा राखिएको अवधारणाबारे (तर बढी बुझ्न र स्पष्ट हुन अरू निकै कुरा पढ्न र मनन गर्न जरूरी छ) । यो पुस्तिका सबै किताबहरु र पत्रपत्रिकाहरु प्राप्त गर्न नसक्ने अथवा ती सबै पढ्न समय नहुने सक्रियवादीहरूको लागि तयार गरिएको हो । मलाई आशा छ मैले जुन लेखहरु एवं सामग्रीहरु प्रयोग गरें त्यसबाट सक्रियवादीहरूलाई अरू धेरै पढ्न प्रेरित गर्नेछ । दक्षिण एशियामा व्याप्त पितृसत्ताको प्रकृति, त्यसको शुरूवात र यी सबैको स्रोत सम्बन्धी धारणाको अध्ययन गर्न हामीलाई जरूरी छ । त्यसो भएमा हामीले हाम्रो अवस्थाबारे राम्ररी बोध गर्न सक्दछौं

यस पुस्तिकामा विषयवस्तुलाई प्रश्न उत्तरको रूपमा प्रस्तुत गरेकी छु । यही तरिका मैले नारीवाद सम्बन्धी पुस्तिकामा प्रयोग गरेकी थिएँ र त्यसबाट सबैलाई पढ्न र बुझ्न निकै सजिलो भएको थियो । धन्यवाद ।

**कमला भसीन**

# पितृसत्ताको अर्थ के हो ?

## पितृसत्ताको अर्थ के हो ?



पितृसत्ता भनेको पिता या 'कुलपति' (परिवारको बुज्रुक पुरूष) को सत्ता अथवा शासन हो । शुरूमा यस शब्दलाई एक खास किसिमको "पुरूष प्रधान परिवार" बुझाउन प्रयोग गरिन्थ्यो। यो एउटा यस्तो ठूलो संयुक्त परिवार हो जसमा एक बुज्रुक व्यक्ति सर्वेसर्वा हुन्छ । यस परिवारका कुलपतिको मुनि महिलाहरू, अन्य पुरूषहरू, बच्चाहरू र घरेलु नोकरचाकर सबै हुन्छन् । आजभोलि यस शब्दलाई साधारणतया "पुरूष प्रधान" भनेर अथवा यसको व्याख्या गर्दाखेरी प्रयोग गरिन्छ । पुरूषप्रधान परिवारमा पुरूषले महिलाहरूलाई दबाउने गरिन्छ । महिलाहरूलाई निम्न दर्जाको व्यवहार गर्ने गरिन्छ । दक्षिण एशियाका देशहरूमा हिन्दी भाषामा यसलाई पितृसत्ता भनिन्छ भने उर्दूमा पिद्रशाही तथा बंगालीमा पितृतौन्त्रो भन्ने गरिन्छ । यसैगरी नेपालमा पनि पितृसत्ता नै भनिन्छ ।

हामीहरू जुनसुकै वर्गका महिलाहरू भए पनि दैनिक जीवनमा हामीलाई विभिन्न हिसाबले अनेक तरिकाबाट तल्लो दर्जाको व्यवहार गरिएको पाउछौं । परिवारको कामकाजमा र समाजको व्यवहारमा हामीमाथि हुने र गरिने भेदभाव, अपमान, नियन्त्रण, शोषण, ब्यभिचार तथा हिंसा त्यही पितृसत्ताका विभिन्न रूप हुन् । सानोतिनो व्यवहार भिन्न भए पनि मुख्य सारतत्व त्यही हो ।

## पितृसत्ता हाम्रो अगाडि कुन रूपमा प्रकट हुन आउँदछ ? के हामीले त्यसलाई हाम्रो जीवनमा स्पष्ट रूपमा पहिचान गर्न एवं पहिल्याउन सक्छौं ?

छोरी भएकै नाताले अलिकति मात्र भए पनि जसले जीवनमा ठूलो सानो, पूर्वाग्रह वा अस्वीकृतिको अनुभव गरेकी हुन्छिन्, तिनले यसलाई पहिल्याउन सक्दछिन् । चाहे यो अनुभवलाई जति नै दवाएर राखेको होस् वा यसलाई कुनै शब्दद्वारा प्रकट नगरेको होस् ।

कार्यशाला अथवा प्रशिक्षणको बेला महिलाहरूले व्यक्त गरेका अनुभवहरु वास्तवमा तिनीहरूले पितृसत्तात्मक नियन्त्रणमा भोगेका अनुभवहरूको विभिन्न रूपको चर्चा हुन्छन् । यसबाट मलाई यी कुराहरु केही उदाहरणहरूद्धारा बुझ्न र बुझाउन सजिलो होला जस्तो लाग्छ । हरेक उदाहरण खास किसिमको भेदभाव र पितृसत्ताकै कुनै एक रूप हुन् ।

- सानोतिनो व्यवहार भिन्न भए पनि मुख्य सारतत्व त्यही हो ।सानोतिनो व्यवहार भिन्न भए पनि मुख्य सारतत्व त्यही हो । "मैले सुनेकी छु कि म जन्मँदा मेरो परिवार निकै दुःखी भएको थियो । उनीहरु छोरा चाहन्थे ।" (छोराको महत्व)

- "मेरो भाईहरूलाई खान माग्ने अधिकार थियो । उनीहरूले चाहेको खानेकुरा आफैले लिन सक्थे । हामीलाई भने नदिएसम्म पर्खेर बस् भनेर भनिन्थ्यो । हामी दिदीबहिनी, आमाले बाँकी रहेको खाएरै काम चल्दथ्यो ।" (भोजनको बाँडफाँडमा केटीहरूमाथि गरिने भेदभाव)

- "मैले घरको काममा आमालाई सघाउनु पर्दथ्यो । भाईचाँहि केही गर्दैनथ्यो ।" (महिला र केटीहरूमाथि कामको बोझ)

- "स्कूल जान पाउनलाई पनि एक ठूलै लडाई लडे जस्तो हुन्थ्यो । मेरो बुबाको विचारमा हामी केटीहरूलाई पढ्न आवश्यक थिएन ।" (केटीहरूको लागि पढाइको अवसरको अभाव)

- "म साथीहरूलाई भेट्न अथवा बाहिर जान पाउँदिनथें ।"

✦ "मेरो भाई जतिबेला घर आए पनि हुन्थ्यो । तर मलाई अँध्यारो हुनुभन्दा अगाडि नै घर फर्केर आउनु पर्दथ्यो ।" (केटीहरूको लागि स्वतन्त्रता तथा आउन जानका छुटको अभाव)

✦ "मेरो बुबाले मेरी आमालाई धेरैचोटि पिट्दथे ।" (पत्नीमाथि कुटपिट/घरेलु हिंसा)

✦ "मेरो भाई मेरो बुबाभन्दा पनि खराब थियो । मैले कुनै पनि केटासित कुरा नगरोस् भन्ने चाहन्थ्यो ।" (केटी वा महिलामाथि पुरूषको नियन्त्रण)

✦ "मैले आफ्नो हाकिमको माग पूरा गर्न तयार नहुँदा मलाई नोकरीबाटै निकाली दियो ।" (कार्यालयमा यौन शोषण)

✦ "मेरो बुबाको सम्पत्तिमाथि मेरो कुनै अधिकार छैन । मेरो लोग्नेको सम्पत्ति पनि मेरो होइन । वास्तवमा मैले आफ्नो ठान्न हुने कुनै घर नै छैन ।" (महिलाहरूको लागि उत्तराधिकार वा सम्पत्तिमाथिको अधिकारको अभाव)

✦ "मेरो लोग्नेले चाहेको बेला मैले आफ्नो शरीर उसलाई सुम्पनु पर्दछ । यसमा मेरो केही राय चल्दैन । मलाई यस सम्बन्धमा डर लाग्छ र मलाई यो मन पनि पर्दैन ।" (महिलाहरूको शरीर र तिनको यौनमाथि पुरूषको नियन्त्रण)

✦ "म चाहन्थे कि मेरो लोग्नेको परिवार नियोजनको साधनको प्रयोग गरोस् । तर त्यसो गर्न ऊ मान्दैनथ्यो । मलाई पनि अप्रेसन (स्थायी बन्ध्याकरण) गराउने स्वीकृति दिएन ।" (प्रजनन् क्षमतामाथि नियन्त्रण अथवा प्रजनन् अधिकारको अभाव)



हामीले यी बेग्लाबेग्लै अनुभवहरूबारे विचार गर्दा एक साझा चित्र हाम्रो अगाडि आउँछ । हामीमध्ये हरेकले कुनै न कुनै किसिमको भेदभावपूर्ण व्यवहार भोगिरहेका हुन्छौं । केटाको अगाडि केटीलाई सानो र तल्लो तहको व्यवहार गरिंदा त्यस केटीको आत्मसम्मान उनको आफ्नो

महत्व र आत्मविश्वास नै समाप्त पारिदिन्छ । हामीहरूको इच्छा, आकांक्षाहरु र सपनाहरूलाई भताभुङ्ग पारिदिन्छ । हामीले आफ्नो असहमति जनाउन उठाउने हरेक साहसिक कदमलाई महिलाको छाडापन भनेर आपत्ति दर्शाइन्छ । यदि हामीले परम्परागतरूपले चल्दै आएका हदभन्दा बाहिर निस्केर केही नयाँ काम गर्न खोज्यौं भने हामीलाई लाज शरम नभएको भनि छिछि दुरदुर गरिन्छ । यसरी पुरूषभन्दा महिला तल्लो तहका हुन् भन्ने मान्यताले हाम्रो परिवार, समाज, धर्म, कानुन, विद्यालय, पाठ्यपुस्तक, आमसञ्चार, कारखाना र कार्यालयहरु सबैमा नराम्रो प्रभाव पारेको छ ।

हामीहरूले एकआपसको अनुभव आदानप्रदान गर्दा यस्तो लाग्दछ कि यस्तो भेदभाव हाम्रो भाग्य खराब भएर वा दुष्ट पुरूषहरूको फेला परेर भएको होइन । जुन व्यवहार कुनै न कुनै रूपमा सबै महिलाहरूको साथ भइरहेछ न त त्यो दुर्भाग्यको कारण अथाव एक दुइ दुष्ट पुरूषको कारणले नै हुनसक्छ । हाम्रो समाजमा जे जस्तो हामीहरूमाथि भइरहेको छ, त्यो एउटा व्यवस्था कै उपज हो । यही त्यो व्यवस्था हो जहाँ पुरूष प्रधानता, पुरूष उच्चता तथा पुरूष नियन्त्रण व्याप्त छ र यसमा महिलालाई निम्न, कमजोर र अधिकारहीन बनाइएको छ ।

## जसरी हाम्रो चारैतिर हरबखत पुरुष प्रभुत्व देखिएको छ, के यी सबै पितृसत्ता शब्दमा समेटिएको छ ?

हो, धेरै हदसम्म यो ठीक हो । वास्तवमा पितृसत्ता भनेको एउटा शब्दमात्र नभै यसले अरू धेरै कुरा बुझाउँछ । महिलावादीहरूले यसलाई एक धारणाकै रूपमा मान्दछन् र अरू धारणाहरूले जस्तै यसले पनि हाम्रो वास्तविक अवस्था बुझ्न मद्दत पुर्‍याउँछ । यसलाई अलग अलग व्यक्तिले आफ्नै किसिमले व्याख्या गरेका छन् । महिलावादी मनोवैज्ञानिक जुलियट मिशेलले पितृसत्ता शब्दलाई पारिवारिक सम्बन्ध अन्तर्गत त्यस्तो व्यवस्थाको लागि प्रयोग गर्दछिन्, जसअनुसार पुरूषले महिलाहरूलाई साटफेर गर्ने हक राख्दछ । यस व्यवस्था अन्तर्गत पितालाई सर्बेसर्वा बनाएर शक्ति प्रयोग गर्न लगाउँछ । उनी भन्छिन्, यो यस्तो शक्ति हो, जसको कारण महिलाहरूमा "हीन भावना" उत्पन्न हुन्छ ।

सिल्विया वैल्वीले आफ्नो किताब "थियोराइजिङ्ग पेट्रीयार्की" (पितृसत्ताका वारेमा सिद्धान्त निर्माण गर्दा) मा यसो भनेकी छन् "यो एक यस्तो सामाजिक ढाँचा र रीतिरिवाजको व्यवस्था हो, जस अनुसार पुरूषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्दछ तथा दमन र शोषण गर्दछ ।"

मैले पहिले भनिसकें र सिल्विया वैल्बीले पनि यही कुरा सम्झाउँछिन् कि हामीले पितृसत्तालाई एउटा व्यवस्थाकै रूपमा बुझ्नु आवश्यक छ । किनभने तबमात्र हामीले महिला तथा पुरूषहरूको शारीरिक वा प्राकृतिक भिन्नता नै हरेक भेदभावको कारक तत्व हो भन्ने कुरालाई मान्न छोड्ने छौं (त्यो भिन्नताले यो भन्दछ कि पुरूष र महिलाको शरीर भिन्न भिन्न ढंगले बनेकोले ती दुवैको भूमिका पनि फरक हुन्छ) हामी यो पनि मान्न छोड्छौं कि प्रत्येक पुरूषको स्थान महिलाको भन्दा माथिल्लो हुन्छ ।

पितृसत्ताकै कारण पुरूषलाई महिलाभन्दा धेरै माथिल्लो स्तरको हो भन्ने धारणा राखिन्छ । महिलाहरु पुरूषहरूको सम्पत्ति सरह भएर उनीहरूको नियन्त्रणमा रहनु पर्दछ । केही दक्षिण एशियाली भाषामा "पति" जनाउन स्वामी, मालिक शब्दहरु प्रयोग गरिन्छ । यी सबै शब्दहरूको माथिल्लो तहको सम्बन्धको बोध गराउँछ र महिलामाथि पुरूषको अधिकार जनाउँछ । यही शब्दहरूबाटै पति पत्नीको नाता असन्तुलित बनाइएको छ । यस्तो परिभाषाको असमान अवस्थाको बोध गराउँछ ।

## के हरेक ठाउँमा पितृसत्ताको स्वरूप एकैनासको छ ?

छैन, यो हरेक ठाउँमा एकै किसिमको छैन । इतिहासको अलग अलग कालमा, विभिन्न समाजमा, त्यही समाजको विभिन्न वर्गमा यसको स्वरूप भिन्न हुनसक्छ र अक्सर हुन्छ पनि । तर पनि मोटामोटी विशेषताहरु उस्तै किसिमका हुन्छन् । पुरूषको नियन्त्रण त रहन्छ, तर नियन्त्रणका तरिका फरक हुनसक्छ । उदाहरणको लागि हाम्रा बज्यैहरूको र हाम्रो पितृसत्ताबारेको अनुभव एकै किसिमको छैन । आदिवासी महिलाहरु र उच्च जातिका हिन्दू महिलाहरूको अनुभव फरक फरक छन् । अमेरिकामा बस्ने महिलाहरूको

अनुभव भारतमा बस्ने महिलाहरूको भन्दा फरक हुनसक्छ । हरेक सामाजिक व्यवस्था र भिन्न ऐतिहासिक युगमा पितृसत्ताको नयाँ नयाँ रूप अगाडि आउँछ, जसअन्तर्गत सामाजिक र साँस्कृतिक रीतिथितिमा भिन्नता पाइन्छ । तर मैले पहिले पनि भनिसके त्यसको आधारभूत सिद्धान्त उही रहन्छक्ष महिलाहरूको दमन, शोषण तथा नियन्त्रण । यसबारे पछि विस्तारपूर्वक चर्चा गरौंला । तर यी भिन्नतालाई पिहल्याउन जरूरी छ, किनभने यसो गर्न सकिएमा हामीले आफ्नो अवस्थाको राम्रो तरिकाले विशलेषण गरेर त्यसबाट मुक्ति पाउनको लागि उचित रणनीति तयार गर्न सकनेछौं ।

## पितृसत्तात्मक व्यवस्थामा कुन कुन कुरामा पुरूषहरूको नियन्त्रण हुन्छ ?

यसो हेर्दा महिलाहरूको जिन्दगीमा निम्न क्षेत्रहरूमा पितृसत्तात्मक नियन्त्रण सबभन्दा बढी देखिन्छः

### (१) महिलाहरूको उत्पादन तथा श्रमशक्ति **(Productive of Labour Power)**

पुरूषहरूले घरभित्र महिलाद्वारा गरिने काम तथा घरबाहिर कमाउनको लागि गर्ने मजदूरी दुवैमा नियन्त्रण राख्दछ् । घरभित्र महिलाहरूले परिवारका बालबच्चा, पति तथा अरू सदस्यहरूको लागि जीवनभर मेहनत गर्छन्, सिल्विया वेल्वीले यसलाई 'उत्पादनको पितृसत्तात्मक प्रणाली' भनेकी छिन् । यस प्रणालीमा पति तथा परिवारका अरू सदस्यरूले महिलाहरूलको मेहनतको फाइदा उठाउँदछन् । उनी भन्छिन् महिला घरेलु उत्पादन गर्ने वर्ग हो र पति फाइदा उठाउने वर्ग हो । महिलाले चौबीसै घण्टा काम गरे पनि मेहेनतको कदर गरिन्न र तिनलाई पतिमाथि निर्भर रहेने व्यक्तिको रूपमा हेरिन्छ ।



महिलाले घर बाहिर गर्ने नोकरी वा ज्यालादारीको काममा पनि पुरूषद्वारा अनेक ढङ्गले आफ्नो नियन्त्रण राख्दछ । पतिले पत्नीलाई बाहिर गएर कमाउन वा काम नगर्न बाध्य गराउन सक्छ । उसले चाह्यो भने केही समयको लागि काम गर्न दिन्छ र तिनको कमाई पनि आफ्नो हात पार्दछ । महिलाहरूलाई राम्रो तलब पाईने नोकरीबाट टाढा राखिन्छ । साधारणतया तिनले आफ्नो मेहेनतको कम ज्याला पाउँछिन् अथवा उनलाई यस्तो काम गर्नुपर्ने हुन्छ जो घरमै बसेर गर्न सकिन्छ । यस किसिमको कामलाई महिलाहरूको लागि उपयुक्त छ भनिन्छ । तर वास्तवमा यो महिलाहरूको मेहेनतको सबैभन्दा बढी शोषण गर्ने तरिका हो ।

महिलाहरूको मेहेनतको शोषण र त्यसमा पुरूषहरूको नियन्त्रणको अर्थ यही हो कि पितृसत्ताबाट पुरूषहरूलाई भौतिक फाइदा हुन्छ । महिलाहरूको न्यून दर्जाबाट पुरूष वर्गले ठोस आर्थिक लाभ उठाउँछन् अथवा हामी यसो भन्न सक्छौं कि पितृसत्तात्मक व्यवस्था भौतिक फाइदामा आधारित छ ।

### (२) महिलाहरूको प्रजनन् शक्ति (Reproductive Power)

महिलाहरूको प्रजनन् शक्तिमाथि पनि पुरूषहरूको नियन्त्रण हुन्छ । धेरै समाजमा बच्चाहरूको संख्या, बच्चा जन्माउने समयको अन्तर, परिवार नियोजनको साधनको प्रयोग जस्ता महिलाहरूसित सिधै सम्बन्धित कुराहरूको निर्णय महिलाहरु स्वयं गर्न सक्दैनन् । व्यक्तिगत हिसाबले पुरूषले आफ्नो परिवार र महिलाहरूलाई आफ्नो अधिनमा राख्दछ । धार्मिक संस्थाहरु र सरकारले (धर्म र राजनीति) पनि महिलाहरूको प्रजनन् शक्तिसित बाभिने खालको कानुन वा रीतिरिवाज बनाउँदछन् ।

उदाहरणको लागि महिला वा पुरूषमध्ये कसले परिवार नियोजनको साधन प्रयोग गर्नुपर्छ ? कसलाई यो साधन प्रयोग गर्ने स्वीकृति दिन सकिन्छ ? महिलाले गर्भ नचाहेको खण्डमा गर्भपतन गर्न स्वीकृति दिने कि नदिने जस्ता विषयमा निर्णय गर्ने अधिकार क्याथोलिक चर्चको पुरूष अधिकारीको हातमा हुन्छ । यो संस्थागत नियन्त्रणको रूप हो । महिलाहरूले नै कहिले र कति बच्चा पाउने या पाउदै नपाउने भन्ने निर्णय गर्ने अधिकारको लागि लगभग सारा संसारका महिलाहरु लगातार संर्घष गर्दैछन् । यसैबाट यो स्पष्ट हुन्छ

कि सरकार, धर्म तथा पुरूषहरूको यो नियन्त्रण कति कठोर छ । यिनीहरू यी नियन्त्रणहरूबाट महिलाहरूलाई मुक्त गर्न कति पनि तयार छैनन् । यस्तो किन भयो भन्ने बारे अर्को भागमा चर्चा गर्नेछौं ।

आजको आधुनिक युगमा पितृसत्तात्मक सरकारले परिवार नियोजनको कार्यक्रमद्वारा महिलाहरूको प्रजनन्माथि नियन्त्रण गर्ने कोशिश गर्दछ । देशको जनसंख्या बढीमा कतिसम्म होस् भन्ने कुराको निर्णय सरकारले गर्दछ र यही हिसाब अनुसार महिलाहरूलाई कि त बढी बच्चा जन्माउन उत्साहित गरिन्छ वा बच्चा पाउनबाटै रोक लगाइन्छ । भारतमा परिवारको संख्या सानो गर्नको लागि आक्रामक तरिकाले गर्भनिरोध कार्यक्रम चलाइएको छ । मलेशियामा औद्योगिक उत्पादनलाई खपत गर्ने जनसंख्या बढाउनको लागि महिलाहरूलाई धेरै बच्चा जन्माउन उत्साहित गरिन्छ । युरोपमा जन्मदर निकै कम भएकोले धेरै बच्चाहरू जन्माउन महिलाहरूलाई विभिन्न प्रलोभनद्वारा उत्साहित गरिन्छ । महिलाहरूलाई पूरा खर्च र तलबसहित लामो प्रसुति बिदा दिइन्छ । आधा दिन मात्र नोकरी गरे पुग्ने अवसर दिइन्छ र बच्चाको रेखदेखको सुविधा दिइन्छ । कुनै कुनै देशमा त बच्चा जन्मेपछि पुरूषलाई पनि 'पुरूष प्रसुति बिदा' दिइन्छ । विभिन्न देशहरूमा यस सम्बन्धी विचार र नीतिहरू पनि अर्थ व्यवस्थाद्वारा श्रमिकहरूको माग गरिए अनुसार परिवर्तन गरिन्छ । उदाहरणको लागि दोस्रो विश्वयुद्धपछि हारेको जर्मनीमा देश पुनर्निर्माणको लागि श्रमशक्तिको आवश्यक भयो र महिलाहरूलाई घरबाट बाहिर आएर काम गर्न आह्वान गरियो । यसको ठीक उल्टा विजेता इङ्गल्याण्डमा लगाईको बेला महिलाहरूले घरभित्र र बाहिर पनि काम सम्हालेका थिए, त्यहाँ अब असल घरेलु महिला भएर मात्र काम गर्नु भनियो, ताकि यूद्धबाट फर्केर आएमा पुरूषहरूले नोकरी पाउन सकुन् । सन् १९५० को दशकमा अमेरिकामा प्रशिद्ध 'बालक भरमार' (Baby Boom) सरकारी नियन्त्रण र सरकारद्वारा मातृत्वलाई बढावा दिने नीति लागू गरेको राम्रो उदाहरणको रूपमा रहेको थियो ।

अतिवादी महिलावाद (Radical Feminism) को धारणा राख्नेहरूले महिलाहरूको स्थितिको विश्लेषण गर्दा मातृत्वलाई केन्द्रविन्दु बनाएर छानविन गर्दछन् । यस छानविन अनुसार महिलाहरूलाई तल्लो दर्जामा राखिनुको मुख्य कारण पितृसत्तात्मक समाजमा महिलाहरूको मातृत्व (Motherhood)

स्वरूपलाई बढाइचढाइ गरेर बच्चाको पालनपोषण तथा सेवा गर्ने सारा बोझ महिलामाथि लादिनु हो । महिलाहरूलाई गर्भनिरोधबारे सहि जानकारी नदिइ गर्भनिरोधका साधनहरु अत्यधिक प्रयोग गर्ने अवस्था सृजना गरिदिएको हुन्छ । यस्ता महंगा, अविश्वसनीय र प्रयोग गर्न कठिन हुने खालका साधनहरूले गर्दा महिलाहरूलाई बच्चा पाउनु बाहेक अर्को उपाय बाँकी नै हुँदैन् । यसरी उनीहरूमा मातृत्वको बोझ लादिएको हुन्छ । पितृसत्ताले नै गर्भपातको सीमा तय गर्छ अथवा यसमा पूरा रोक लगाउँछ, साथै पुरूषहरूसित शारीरिक सम्बन्ध स्थापित गर्नको लागि लगातार कडा दबाव दिइन्छ । यसरी पुरूषलाई नै फाइदा पुऱ्याउने स्थिति रहेको पाइन्छ ।[१]

पितृसत्ताले महिलाहरूलाई आमा बन्न बाध्य गर्नु मात्र हैन, मातृत्वको अवस्था र स्वरूप पनि निश्चित गर्छ । महिलाहरूको दमनको आधार नै यही मातृत्व बारेको सोंच हो । यही अवधारणाले गर्दा मातृत्व र पुरूषत्वको दुईवटा रूप बन्दछ । तिनको फरक फरक खुबीहरु निश्चित गरिन्छ जुन कि पितृसत्ता चलाउनमा सहायक हुन्छ । यही सोंच अनुसार पारिवारिक र सार्वजनिक क्षेत्रलाई अलग अलग गरि दुई बीच पर्खाल खडा गरिन्छ । महिलालाई आउने जाने स्वतन्त्रता अथवा तिनको विकासमाथि रोक लगाइन्छ र पुरूष प्रभुत्वलाई मजबुत बनाइन्छ ।

## (३) महिलाहरूको यौनिकता (Sexuality)

महिलाहरूको यौनिकतामाथि पनि पुरूषहरूको नियन्त्रण कायम छ । महिलाहरूको निम्न अवस्थाको यो एक महत्वपूर्ण पक्ष हो । पुरूषहरूको इच्छा तथा आवश्यकता अनुसार महिलाहरूले यौन सुख दिनु पर्दछ, मान्यता यस्तै छ । सबै समाजमा बैबाहिक सम्बन्ध बाहिर महिलाहरूलाई यौनिक सम्बन्ध राख्ने अनुमति छैन । यसलाई रोक्न नैतिकता र कानूनको बन्देज हुन्छ जबकि पुरूषहरूको यस किसिमको व्यवहारप्रति आँखा चिम्लिइन्छ । यस अवस्थाको अर्को पक्ष यस्तो पनि छ, आफ्ना परिवारका महिलाहरु अर्थात पत्नी, छोरी आदिको यौनिकता बेच्ने हक पनि उनलाई छ । चाह्यो भने ऊ आफैले यो प्रयोग गर्ने वा अरूलाई यसको स्वीकृति दिनसक्छ । बलात्कार अथवा धम्कीद्वारा पनि महिलाको यौनिकतामाथि नियन्त्रण राख्दछ । यसलाई

अरू प्रभावकारी बनाउन बलात्कारसित लाज र बेइज्जतिको एक मायाजाल तयार गरिएको छ । महिलाको यौनिकतामाथि आफ्नो नियन्त्रण सुदृढ गर्न परिवारसँग सामाजिक, साँस्कृतिक, धार्मिक नियम, तिनको पोशाक, चालढाल तथा आउनेजाने गतिविधिमा कडा नजर राखिन्छ ।

यसमा अलिकति पनि तलमाथि भएमा सबै तर्फबाट नियन्त्रणलाई झन् कडा गरिन्छ ।

एकजना अतिवादी महिलावादी (Radical Fiminist) को विश्लेषण अनुसार पितृसत्तात्मक व्यवस्थामा महिला 'आमा' मात्र नभई यौन सेवा गर्ने दासी पनि हुन्छे । पितृसत्तात्मक व्यवस्थाले महिलालाई यी दुई विरोधी रूपमा अर्थात आमा र यौनवस्तुको रूपमा हेर्छ । यसरी पुरूषवादी संस्कृतिमा आमाको अस्तित्वलाई बिर्सेर मुख्यरूपमा मोजमज्जाको सामान ठानिन्छ । हुनसक्छ हरेक समाजमा बलात्कार गरिन्न होला तर यो पितृसत्ताको एक खास चारित्रिक विशेषता हो । महिलावादी विश्लेषण अनुसार बलात्कार एव राजनीतिक दाउपेंच हो । बलिया वर्गद्वारा निर्बलिया वर्गलाई दबाउने, दमन गर्ने साधन हो । अतिविादी महिलावादी विचारमा संस्थागत बेश्यावृत्ति, अश्लिल सामग्री तथा समाजमा महिला, पुरूषबीच यौन सम्बन्धलाई स्वीकृति दिनु केही यस्ता उपाय हुन् , जसबाट पितृसत्ताले महिलाहरूको यौनिकतामाथि नियन्त्रण कायम राख्दछ ।

## (४) महिलाहरूको गतिशिलता (Mobility)

महिलाको यौनिकता र तिनको उत्पादन तथा प्रजनन् नियन्त्रण कायम राख्न पुरूषले महिलाको हिड्डुल (Mobility) मा पनि नियन्त्रण गर्नु आवश्यक हुन्छ । यस अभिप्रायको लागि कैयौं उपाय अपनाइन्छ । महिलालाई पर्दा, घरभित्र तिनको सीमा तोकिनु, सीमा छोडेर जानमा रोक लगाइनु, पारिवारिक र सामाजिक सीमाको बीच स्पष्ट भिन्नता, महिलाहरु र पुरूषहरु बीच कमभन्दा कम सम्पर्क व्यवस्था आदि सबैद्वारा महिलाहरूको स्वतन्त्रता र गतिशिलतालाई नियन्त्रणमा राखिन्छ । यसको विशेषता हो एक लिङ्गमा लागू हुने कुरा दोस्रोमा लागू हुँदैन । यी सबै रोकटोक नियम कानुन महिलाहरूको लागि हो, पुरूषहरूको लागि होइन ।

## (५) सम्पत्ति तथा अन्य आर्थिक स्रोतसाधन (Property and Other Economic Resurces)



धेरैजसो सम्पत्ति तथा अन्य आर्थिक स्रोतसाधनमाथि पुरूषको नियन्त्रण हुन्छ । साधारणतया यो स्वामित्व एक पुरूषबाट अर्को पुरूष अर्थात बुबाबाट छोरामा हस्तान्तरण हुन्छ । जहाँ जहाँ महिलाहरूलाई उत्तराधिकारको कानुनी हक प्राप्त छ त्यहाँ पनि सामाजिक रीतिरिवाज, भावनात्मक दबाब,नाताको राजनीति लगायत जोरजबर्जस्ती गरेर पनि तिनलाई आफ्नो हक प्राप्त गर्नमा बाधा खडा गरिन्छ । केही यस्ता पनि छन् जहाँ व्यक्तिगत कानुन लागू भयो भने तिनको हकमा बृद्धि हुनुको सट्टा झन कटौती हुनजान्छ । फलस्वरूप लगभग सबै कुरामा महिलाहरूलाई नोक्सान मात्र हुन्छ । यो कुरा संयुक्त राष्ट्रसंघबाट प्रकाशित तथ्याङ्कबाट स्पष्ट हुन्छ ।

"संसारभरि गरिने कामको समयावधिमा ६०५ भन्दा बढी योगदान महिलाहरूले गरेका हुन्छन्, तिनीहरूलाई संसारमा हुने आम्दानीको १०५ मात्र प्राप्त हुन्छ १५ सम्पत्तिको मात्र मालिक छन्" ।

### तपाईले पहिले भन्नुभयो कि पुरूषले लगभग सबै आर्थिक, राजनीतिक, धार्मिक तथा सामाजिक संस्थाहरूमा नियन्त्रण राख्दछ । यसलाई अलि खुलस्त पारिदिनु हुन्छ कि ?

समाजका सबै मुख्य मुख्य संस्थाहरूको विश्लेषण गऱ्यौं भने यो स्पष्ट हुन्छ कि आफ्नो स्वभाव, चरित्र र चालढालमा यी सबै पितृसत्तात्मक छन् । परिवार, धर्म, जनमाध्यम र कानुन पितृसत्तात्मक व्यवस्था कै मुख्य आधार स्तम्भ हुन् । यस व्यवस्थाको बनावट यति मजबुत र गहिराइ छ कि यसलाई हल्लाउन असम्भव जस्तो लाग्छ । कुनै हदसम्म यो व्यवस्था प्राकृतिक जस्तो देखिन्छ । जुन आदिकालदेखि चलिआएको छ र सधैं चलिरहनेछ । अब आउनुहोस् हरेक पितृसत्तात्मक संस्थालाई अलग अलग गरी हेरौं :

## (१) परिवार

समाजको आधारशिलाको रूपमा रहेको परिवार शायद सबभन्दा बढी पितृसत्तात्मक संस्था हो । पुरूष यो संस्थाको प्रमुख हो । परिवारभित्र उसैले महिलाको यौनिकता, मेहनत, उत्पादन, प्रजनन् तथा गतिशीलतामाथि नियन्त्रण गर्दछ । यहाँ बुझ्नु पर्ने कुरो अर्को के छ भने धेरै हदसम्म ती प्रमुखले केटा/पुरूषमाथि पनि नियन्त्रण गर्छ । तर मैले पहिले भनेझैं अनेक किसिमका नियन्त्रणहरु खालि महिलामाथि मात्रै लागू हुन्छ । दोस्रो कुरा के भने यस मर्यादाक्रममा महिला सँधै तल्लो स्थानमा नै हुन्थे । यसमा पुरूष अक्सर दबाबकारी हुन्छ । महिला गिरेकी र दबिएकी हुन्छे ।

भविष्यका पुस्तालाई पनि पितृसत्तात्मक मूल्य दिने र सिकाउने काम पनि परिवारले नै गर्दछ । परिवारभित्रै हामीले सबभन्दा पहिले उँचनीचको मर्यादाक्रम तथा लिङ्गको आधारमा भेदभावको पाठ सिक्छौं । केटाहरूले दवाबकारी बन्ने तथा धाक जमाउने कुरा सिक्छन् जबकि केटीहरूलाई दब्ने तथा भेदभाव स्वीकार्न सिकाइन्छ । विभिन्न समाज र परिवारमा पुरूष नियन्त्रणको रूपरेखा अलग अलग हुनसक्छ । तर पूर्ण समानताको अवस्था कहिल्यै हुँदैन ।

गर्डा लर्नरको भनाई अनुसार समाजमा व्यवस्था कायम राख्न र मर्यादाक्रमलाई जारी राख्नमा परिवारले प्रमुख भूमिका खेल्दछ । उहाँ लेख्नुहुन्छ "परिवारले आफ्नो ऐनामा सामाजिक व्यवस्थालाई प्रतिबिम्वित गर्ने, बच्चाहरूलाई सो कुरा मान्नुपर्ने पाठ सिकाउने र साथै उक्त व्यवस्थालाई सुदृढ पार्ने काम पनि गर्दछ ।"

## (२) धर्म

अधिकांश धर्मले पितृसत्तालाई बलियो बनाउन मद्दत पुर्‍याएको देखिन्छ र पुरूषको प्रभुत्वलाई सर्वोपरि मान्दछ । यी धर्महरूमा पितृसत्तालाई यसरी प्रस्तुत गरिन्छ कि मानौं यो ईश्वरकै इच्छा हो । धर्मको वर्तमान संस्थागत रूपभन्दा पहिले, महिला शक्तिलाई पूजा गरिन्थ्यो । विस्तारै त्यो प्रथा कमजोर हुँदै गयो । अनि देवीहरूको स्थान देवताहरूले लिए । धेरैजसो धर्महरु उच्च वर्ग र उच्च जातिका पुरूषहरूले बनाए, परिभाषा दिए र त्यसमाथि नियन्त्रण

कायम गरे । उनीहरूले नै नैतिकता, नीतिशास्त्र, व्यवहार र कानुनको समेत व्याख्या गरिदिए । महिला र पुरूषहरूको कर्तब्य निर्धारण गरे र ती दुवैको सम्बन्ध पनि निश्चित गरिदिए । यसले सरकारी नीतिमाथि पनि प्रभाव पार्छ र धेरै समाजमा ठूलो शक्तिशालीको रूपमा बिद्यमान छ । दक्षिण एशियाका देशहरूमा धर्मको शक्ति र प्रभाव निक्कै बढी छ । उदाहरणको लागि एक लोकतान्त्रिक देश भारतमा विवाह, पारपाचुके तथा उत्तराधिकारको सम्बन्धमा कुनै पनि व्यक्तिको कानुनी अवस्था उसको धर्ममा निर्भर हुन्छ ।

## (३) कानुनी व्यवस्था



धेरैजसो देशहरूमा कानुनी व्यवस्थाले पितृसत्ता र बुर्जवा वर्गको हित रक्षा दुवै गर्ने गरेको पाइन्छ । परिवार, विवाह तथा उत्तराधिकार सम्बन्धी कानुन पितृसत्तात्मक सम्पत्ति नियन्त्रणसित गाँसिएको छ । दक्षिण एशियाका सबै देशहरूको कानुनी व्यवस्थामा पुरूषलाई परिवारको प्रमुख, बच्चाहरूको संरक्षक तथा सम्पत्तिको मुख्य उत्तराधिकारी मानिन्छ । विधिशास्त्र, कानुनी न्याय व्यवस्था, न्यायाधीश तथा वकील सबैले धेरैजसो आफ्नो दृष्टिकोण र कानुनी व्यवस्थामा पितृसत्तात्मक धारणा राख्दछन् ।

## (४) आर्थिक व्यवस्था तथा आर्थिक संस्थाहरू

पितृसत्तात्मक व्यवस्था अन्तर्गत पुरूषले आर्थिक संस्थाहरू, अधिकांश सम्पत्ति र आर्थिक गतिविधिहरूमा नियन्त्रण गर्दछ र उत्पादनका विभिन्न गतिबिधिका लागि कति पारिश्रमिक दिने भन्ने निर्णय पनि गर्दछ । महिलाहरूका धेरैजसो उत्पादन कार्यको न कहीं भुक्तानी दिइन्छ न त्यसको मूल्याङ्कन नै गरिन्छ । महिलाहरूको बचत र मेहनतद्वारा जे जति अतिरिक्त उत्पादन हुन्छ, जसलाई मारिया मीसले "छायाँ उत्पादन" को नाम दिएकी छिन् त्यसलाई बिल्कुलै मान्यता दिइन्न । तिनले गरेका घरेलु कामको त मूल्याङ्कन नै हुँदैन । मुख्य कुरा के भने महिलाहरूले गर्ने उत्पादन र बच्चाहरूको पालनपोषण कार्य लगायत विभिन्न भूमिकालाई आर्थिक योगदानको दृष्टिले हेरिंदै हेरिंदैन ।

## (५) राजनीतिक व्यवस्था तथा संस्थाहरू

गाउँ विकास समितिदेखि लिएर संसदसम्म सबै तहका र समाजका सबै राजनीतिक संस्थाहरूमा पुरूषकै बोलवाला छ । हाम्रो देशको भाग्य निश्चित गर्ने राजनीतिक दल तथा संगठनहरूमा महिलाहरू थोरै मात्र छन् । कहिलेकाहिँ महिलाहरूले प्रमुख राजनीतिक ओहदा या स्थान प्राप्त गर्दा पनि (श्रीमाओ बन्दरा नायके, इन्दिरा गांधी, बेनजीर भुट्टो, खालिदा जिया) कम से कम शुरूमा यसको कारण तिनीहरूको कुनै प्रभावशाली राजनीतिक व्यक्तिसितको सम्बन्ध थियो, चाहे ऊ पिता, पतिकै रूपमै होस् । तिनले ओहदा सम्हाल्दा पनि पुरूषले निर्धारण गरेका नियमहरू र ढाँचा अनुसार काम गर्न थाले । यस क्षेत्रमा यति धेरै महिलाहरूले सरकारको नेतृत्व गरे, तर जहाँसम्म संसदमा महिलाहरूको उपस्थितिको प्रश्न छ, दुई तीन देशबाहेक दुनियाँमै कहीं पनि तिनको संख्या दश प्रतिशत भन्दा बढी छैन ।

## (६) जनसञ्चार

वर्ग र लिङ्गसम्बन्धी विचारधारा फैलाउनको लागि उच्च वर्ग तथा उच्च जातिका पुरूषहरूको हातमा जनसंचार माध्यम एउटा निक्कै बलियो साधनको रूपमा रहेको छ । फिल्म, टेलिभिजन, पत्रिकाहरू, अखबार, रेडियो सबै ठाउँमा महिलाहरूलाई उही उत्पिडित, विकृत छविको रूपमा देखाइएको हुन्छ । लगातार शब्दहरू र दृश्यहरूको माध्यमद्वारा पुरूषलाई माथिल्लो दर्जाको र महिलाहरूलाई तल्लो दर्जाको भन्ने संदेश दिइन्छ । खासगरेर फिल्महरूमा महिलाहरूमाथि हुने हिंसाको बोलवाला हुन्छ । अरू क्षेत्रमा जस्तै जनसंचार माध्यममा पनि व्यवसायी महिलाहरूको संख्या निक्कै कम छ । रिपोर्ट लेख्ने, छाप्ने, विज्ञापन र संदेश दिने तरिका एकदम महिलाहरूको विरूद्ध छ जसबाट तिनीहरूलाई कमजोर, गरेकी, यौनवस्तुको रूपमा चित्रण गरिएको हुन्छ ।

## (७) शिक्षण संस्थाहरू र ज्ञान व्यवस्था

जबदेखि ज्ञान र शिक्षालाई औपचारिक र संस्थागतरूप दिइयो तबदेखि शिक्षामाथि पुरूषले आफ्नो कब्जा जमाइहाले । दर्शन, धर्मशास्त्र, विधि,

साहित्य, कथा तथा विज्ञान सबै अंगहरु उनकै नियन्त्रणमा छन् । ज्ञानको प्रसारमा भएको पुरूषको आधिपत्यको कारण महिलाको ज्ञान, अनुभव, योग्यता तथा आकांक्षाहरु शिक्षा व्यवस्थाको सीमाभित्र समावेश गरिएन । अनेक संस्कृतिमा बडो नियोजित ढंगले महिलाहरूलाई प्राचीन धार्मिक साहित्यको अध्ययन गर्नमै रोक लगाइयो । आज पनि केही महिलाहरु मात्र यस्ता छन् जसले धार्मिक साहित्य र संहिताको व्याख्या गर्न पाइराखेका छन् । गर्डा लर्नर भन्छिन् "हामीले देख्यौं कि कसरी पुरूषले महिला शक्तिको मुख्य प्रतीकहरु, मातृत्व र प्रजनन्का देवीहरूमाथि आफ्नो हक कायम गरेर फेरि तिनको रूप नै बदलिदिए । हामीले यो पनि देख्यौं कि कसरी पुरूषहरूले महिलाको अस्तित्वलाई यौन रूपमा पुरूषमाथि निर्भर भनेर संकिर्ण रूपमा व्याख्या गरिकन यसैको आधारमा धर्म शास्त्रको निर्माण गरे । हामीले यो पनि देख्यौं कि यही रूपको आधारमा समाजमा पनि पुरूषको छवि सम्पूर्ण र शक्तिशाली मानियो जबकि महिलालाई एक अधुरो, अशक्त प्राणीको रूपमा दर्शाइयो जसको कुनै स्वतन्त्र पहिचान छैन । यसरी काल्पनिकरूपको आधार बनाएर पुरूषले दुनियाँमा हरेक चीजलाई आफ्नै ढङ्ग र दृष्टिबाट व्याख्या गराए । हरेक महत्वपूर्ण विषयको ब्याख्या पनि यसरी नै गरे जसबाट उनीहरु पूरा सृष्टिको केन्द्र बन्न पुग ।[३]

केही महिलावादीहरूको भनाइ छ कि पितृसत्तात्मक सोचाइको मुख्य विशेषताहरु विभाजन, भेदभाव, विरोध र दण्ड हो । तिनीहरूको भनाइ छ कि पितृसत्ता प्रकृति र संस्कृति, बुद्धि र शरीर, स्वयं र अरू, तर्क र भावना, जिज्ञासु र जिज्ञासाका बस्तुहरूका बीचमा विरोध उत्पन्न गर्दछ तथा यी दुई विरोधी पक्षको बीच एकलाई निक्कै उच्च र महत्वपूर्ण सम्झिन्छ । पितृसत्तात्मक शिक्षाको व्यवस्थाले पनि विशेषज्ञतालाई प्रोत्साहित गर्दछ अर्थात ज्ञानलाई टुक्राटुक्रा पारेर बट्टामा बन्द गरिदिन्छ । यसप्रकार कुनै पनि तथ्यलाई त्यसको सम्पूर्णतामा हेर्न र बुझ्नमा असफल हुन्छ ।[४] पुरूषलाई प्रभुत्व प्रदान गर्ने शिक्षा र ज्ञानबाटै पितृसत्तात्मक विचारधारा उत्पन्न हुन्छ र विकसित हुन्छ । सिल्विया बेल्वीका अनुसार यो शिक्षाले महिला तथा पुरूषको सोच्ने र सम्झने तरिकामा भिन्नता ल्याउँछ । जसको फलस्वरुप महिला र पुरूषले अलग अलग ढङ्गले व्यवहार गर्छन् सौँच्छन्, आकाँक्षा राख्छन् । किनभने उनीहरूलाई भेदभावपूर्ण पुरूषत्व र नारीत्वको विचारबारे सिकाइन्छ ।

## के केहीं महिलावादी यो मान्छन् कि कैयौ समाजमा महिलाबिरुद्धको हिँसाले संस्थागतरूप नै लिइसक्यो ?



हो, तिनीहरु यस्तो मान्दछन् । तिनको विचार अनुसार महिलाहरूलाई दबाउनको लागि हिंसालाई अलग अलग किसिमको प्रयोग गरिन्छ । पुरूषहरूद्वारा हुने गरिने यस्तो हिंसालाई जायज पनि संभिन्छ । वास्तवमा महिलाविरूद्ध हुने हिंसाले यति व्यापक रूप लिइसक्यो कि सिल्विया बैल्वी यस हिंसालाई एक शैली मान्दछिन् । तिनी लेख्छिन् "यसो सरसर्ति हेर्दा पुरूष हिंसा व्यक्तिगत र अलग अलग देखिए पनि वास्तबमा यो शोषण उत्पिडनको एक विस्तृत ढाँचा हो । पुरूषहरूले साधारणतया महिलाहरूमाथि यस्तो व्यवहार गर्दै रहन्छ । कुनै साह्रै नै डरलाग्दो उदाहरणहरूमा बाहेक अरू हिंसाका विषयमा सरकारले कुनै हस्तक्षेप गर्दैन । यसरी चुप रहनाले सरकारले यस्तो हिंसालाई समर्थन मात्र हैन ठीक पनि मान्दछ" । अन्तर्राष्ट्रिय महिला आन्दोलनले चर्चा र विश्लेषण गर्नको लागि सबभन्दा पहिले उठाएका मुद्दाहरूमध्ये, महिलाबिरूद्ध हुने हिंसा पनि एक थियो । महिलावादी अध्ययनकर्ताहरूले हिंसालाई सिद्धान्तको रूपमा प्रस्तुत गरे । लगभग सबै विद्वानहरु महिलाहरूमाथि हुने हिंसा सुनियोजित संस्थागत नै हो भन्ने कुरा स्वीकार गर्छन् ।

मेरी डेलीको भनाई अनुसार पितृसत्ताको शासक (बलियो पुरुष) जीवनकै बिरूद्ध लडाई गर्दैछ । "पितृसत्ताको स्थिति वास्तवमा युद्धकै स्थिति जस्तै छ जसमा यूद्धबाट फर्केर दोस्रो पटकको तयारी गर्न लागेको बखतको बीचको समयलाई तथाकथित "शान्ति" को समय भनिन्छ ।" डेलीको अनुसार भारतमा विधवालाई जिउँदै जलाउने प्रथा, चीनमा केटीहरूलाई सानै उमेरमा खुट्टा बाँधेर राखी आकार सानो बनाउने चलन, अफ्रिकी देशहरूमा बच्चीहरूको योनी काट्ने वा यूरोपको 'पुनर्जागरणको समय' मा महिलाहरूलाई बोक्सी भनेर मार्ने उदाहरण तथा अमेरिकामा महिला रोग विज्ञान तथा मनोविज्ञानको नाममा

महिलाहरूको हत्याले महिलाबिरूद्ध हुने घृणा र हिंसालाई प्रमाणित गर्दछ जुन कुरा सबै दुनियाँमा ब्याप्त छ ।[६]

दक्षिण एशियामा महिलामाथि हुने हिंसाबारे विस्तारपूर्वक चर्चा चलाइयो र लिखित घोषणापत्र पनि तयार गरियो । साथै हिंसा र महिलाको आर्थिक, शोषण, हिंसा र यौनिकता, हिंसा र जाति, वर्ग आदि बीच रहेको सम्बन्ध सम्भने र बुभ्ने प्रयास गरियो । १९८८ मा भारतमा सम्पन्न भएको महिला संगठनहरूको एक सम्मेलनमा निम्न प्रस्ताव पारित भएको थियो :–

"महिलाहरूले हिंसाको विशेषगरी सामना गर्नुपर्दछ, जस्तोः बलात्कार र अरू यौन अत्याचार, गर्भभित्रको बच्चाको हत्या, बोक्सीको नाममा महिलाको हत्या, सती दाइजो हत्या, स्वास्नी कुटपिट, यस्ता सबै हिंसा र यसका डरको कारण महिलाहरु असुरक्षाको भावनाले त्रस्त हुन्छन् जसको कारण तिनीहरु घरभित्रै कैद जस्तो भएर रहन्छन् र आर्थिक शोषण तथा सामाजिक दमनबाट पीडित हुन्छन् । घर, समाज र सरकारद्वारा हुने गरिने यस्ता हिंसाबिरूद्ध हुने हाम्रो संघर्षमा हामी यो मान्दछौं कि सरकार नै यस हिंसाको ठूलो स्रोत हो । त्यसले परिवार, काम गर्ने ठाउँ तथा छरछिमेकमा पुरूषद्वारा महिला बिरूद्ध गरिने सबै किसिमको हिंसामा मद्दत पुऱ्याउँदछ । यही कारणले गर्दा विशाल महिला आन्दोलन गर्दा घरभित्र र बाहिर पनि यसको बिरूद्धको संघर्षबारे पनि ध्यान केन्द्रित हुनुपर्छ" ।[७]

## के यी संस्थाहरूमा पुरूषको नियन्त्रणबाट उनीहरूलाई सिधै फाइदा हुन्छ भनी हामी भन्न सक्छौं ?

साधारणतया यो ठीक हो, पुरूषलाई यसबाट उच्च दर्जा तथा रवाफको मात्र हैन आर्थिक र भौतिक फाइदा पनि हुन्छ । यसैकारण सिल्बिया बैल्बी महिलाहरूलाई उत्पादन वर्ग (Producing Class) र पुरूषलाई शोषक वर्ग (Expropriating Class) भन्दछिन् । पितृसत्ता र पूँजीवादबीच बडो नजिकको सम्बन्ध मान्ने महिलावादी विद्वान हायदी हार्टमान भन्दछिन् कि जुन भौतिक आधारमा पितृसत्ता खडा छ, वास्तवमा यो महिलाहरूको

श्रमशक्तिमाथि पुरूषहरूको नियन्त्रण नै हो पुरूषले यो नियन्त्रण कायम राख्नलाई महिलाहरूलाई महत्वपूर्ण उत्पादनका साधनहरूबाट अलग राख्दछ र महिलाहरूको यौनिकतामाथि बन्धन लगाउँछ । महिला पुरूष बीच हुने यौन सम्बन्धमा (Heterosexual) यौन सम्बन्धमा आधारित एक बैबाहिक सम्बन्ध धेरै प्राचीन हैन, तर प्रभावकारी कारण हो जसबाट पुरूषले महिलाको श्रम र यौन दुबै आफ्नो कब्जामा राख्न सफल भएका छन् । महिलाले पुरूषको व्यक्तिगत तथा यौन सेवा गर्नुको साथै उसको बच्चाको पनि पालनपोषण गर्दछिन् । महिलाले गर्ने मेहेनतको कारण पुरूषलाई परिवारभित्र र बाहिर धेरै गर्न नहुने कामहरु गर्न छुट मिल्दछ । यसरी यी सबै सामाजिक ढाँचाको मद्दतद्वारा पुरूषले महिलाको श्रममाथि नियन्त्रण गर्न सफल हुन्छ ।[८]

## के पितृसत्तात्मक व्यवस्थामा महिलाहरू एकदम शक्तिहीन हुन्छन् ?

हुनतः साधारणतया पितृसत्तात्मक समाजमा पुरूषले सबै महत्वपूर्ण संस्थाहरूमा प्रभुत्व जमाएकै हुन्छ । तर यसको अर्थ पितृसत्तात्मक व्यवस्थामा महिलाहरूसित शक्ति, अधिकार, प्रभाव, स्रोतसाधन केही छैन भन्ने होइन । वास्तवमा कुनै पनि असमान व्यवस्था दबाइएको शक्तिहरूको सहभागिता बिना चल्नै सक्दैनन् । यही कुरा पितृसत्तामा पनि लागू हुन्छ । महिलाहरु पनि महारानी, प्रधानमन्त्रीको पद प्राप्त गर्न सफल भएका छन् । कहिलेकाहीं तिनीहरूले पनि धेरै थोरै मात्रामा शक्ति र फाइदा प्राप्त गरे । तर यी सबै कुराहरूबाट यो व्यवस्था पुरूषको प्रभुत्वभएको व्यवस्था भन्ने सत्य तथ्यलाई बदल्न सकिन्न । महिलाहरूलाई केही हदसम्म फुक्का गरेर तथा केही फाइदा प्रदान गरेर आफ्नो धेरै फाइदाको लागि प्रयोग गरिन्छ र एउटा उदाहरणबाट यो कुरा झन स्पष्ट पार्न सकिन्छ, पूँजीबादी व्यवस्थामा



मजदूरहरूको निक्कै महत्वपूर्ण भूमिका हुन्छ । उनीहरु केही हदसम्म प्रबन्धको हिस्सा पनि बन्न सक्छन् तर मालिक बन्न सक्दैनन् ।

गर्डा लर्नरको बडो राम्रो भनाइ छ, "महिला र पुरूष एउटा रङ्गमञ्चमा रहन्छन् र तिनीहरु बराबरी महत्वको आ–आफ्नो भूमिका निभाउँछन् । यी दुवैको भूमिका बिना नाटक चल्न सक्दैन । महत्वपूर्ण नाटकमा कसैको पनि सहभागिता कम वा बढी हुँदैन । कोही पनि ब्यर्थको वा अनावश्यक भन्ने छैन । तर रङ्गमञ्चको कार्यक्रमको कल्पना, तयारी र रूप पुरूषबाट निर्धारण गरिन्छ । पुरूषले नै त्यो नाटक लेखेको हुन्छ । त्यसैले उक्त नाटकको निर्देशन गर्दछ र घटनाहरूको ब्याख्या पनि उसैले गर्छ । उसले आफूलाई सबभन्दा राम्रो र मुख्य भूमिका लिन्छ र महिलाहरूलाई सहायक भूमिका दिन्छ ।"

अर्को शब्दमा भन्ने हो भने "महिला के हो र के गर्छिन् भन्ने कुरा" समस्या होइन । समस्या हो तिनको मूल्य के छ र महिला तथा पुरूषको मूल्य निर्धारण गर्ने हक कोसित छ ? यस अर्थमा समस्या पितृसत्तामा महिलाहरूको केही शक्ति वा इज्जत नहुनु मात्र हैन समस्या पुरा संरचनामा नै छ जुन संरचना पुरूषहरूले नै बनाएका हुन् ।

## महिलाहरूले पनि पुरुष सत्तालाई साथ दिन्छन्, तिनको मद्दत बिना पुरुष सत्ता चल्न सक्दैन, तापनि तिनीहरू यस्तो किन गर्छन् ?

यसको पछाडि कैयौं जटिल कारणहरु छन्, जसमध्ये केही हामीलाई थाहा छ । उदाहरणको लागि हामीलाई थाहै छ कि प्रहरी, सेना तथा सरकारी अफिसरहरूको सहायता बिना मुट्ठीभरि गोराहरूले ठूला ठूला देशहरु, उपमहाद्विपहरूमाथि कहिल्यै राज गर्न सक्दैन थिए । त्यस्तै दासहरूको सकृय सहयोग बिना दासप्रथा यत्रो लामो समयसम्म चल्नै सक्दैनथ्यो । त्यही कुरा महिलाहरूबारे पनि लागू भएकोछ । तिनीहरु आफै यस व्यवस्थाको अहम् भाग भएका छन् र यस व्यवस्थाको मान्यतालाई अपनाई सकेका छन् । तिनीहरूको पनि पितृसत्तात्मक सोचाई भइसक्यो । जस्तो, मैले पहिल्यै भनिसकें तिनीहरूले यस व्यवस्थाबाट केही फाइदा प्राप्त गर्दैछन् । यसबाहेक नाता सम्बन्धको जालमा अल्झिएर तिनीहरूले सक्रिय सहयोग दिंदै आएका छन् ।

गर्दा लर्नरको भनाइ अनुसार पुरूषले महिलाहरूको सहयोग अनेक किसिमले प्राप्त गर्दछन् । जस्तैः केटाकेटी अवस्थामै दिमागमा एक सोचाई भरिदिनु, शिक्षाको कमी, महिलाहरूलाई स्वयं आफ्नै इतिहासको ज्ञान नहुनु, यौनसम्बन्धी गतिविधिहरूको आधारमा "इज्जतदार" र "गिरेको" शब्दहरूको परिभाषा बनाइनु, रोकटोकदेखि जबर्जस्तीद्वारा आर्थिक, राजनतिक शक्ति पाउन नसक्ने बनाइनु, पितृसत्ताको नियम पालन गर्ने महिलाहरूलाई आफ्नो वर्गको फाइदा दिनु आदि । यो पितृसत्ताको त्यो रूप हो जसलाई "पितृत्वको दबाब" भनिन्छ अर्थात पिताको प्रेम तथा डरको सम्मिश्रित रूप ।

जबसम्म महिलाहरु पुरूषहरूको संरक्षणमा बस्दछन्, तिनीहरूलाई आफ्नो वर्गका पुरूषहरूलाई जस्तै सहुलियतहरु मिलिरहन्छ । निम्न वर्गका महिलाहरु बाहेक अरू महिलाहरूको जीवनमा एउटा "सम्झौता" हुन्छ, त्यो हो यौनिक, आर्थिक, राजनीतिक र बौद्धिक दासताको बदलामा तिमीले निम्न वर्गको महिला पुरूषको शोषण गर्न आफ्नो वर्गका पुरूषहरूको शक्तिको केही हदसम्म हिस्सेदार बन्न सक्नेछौं ।[९]



आफ्नो यस शक्तिलाई कायम राख्न महिलाहरु अरू महिलाहरूको मूल्यको मोलतोल गर्दछन् । तर मूल कुरा हो हामीले यस व्यवस्थालाई सम्पूर्णरूपमा हेर्नु र महिलाहरूको यस्तो व्यवहारको पछाडि रहेको कारणलाई सम्झनु । यो कुरा धेरै हदसम्म ठीक हो कि स्वयं महिलाहरूले नै छोरीहरूको शिक्षा र स्वतन्त्रतामाथि रोकटोक लगाउँछन् र बुहारीलाई सताउँछन् । यसबारे बाहिरी सतहबाट मात्र केही भन्नु ठीक छैन । वास्तवमा परिवार तथा समाजमा महिलाहरु र पुरूषहरूको शक्तिलाई तराजुमा राखेर विशलेषण गर्नुपर्दछ । एउटी ग्रामीण महिलाले दर्जा र शक्तिमा हुने गरेको यस्तो फरकलाई बडो सटिक ढङ्गले सम्झाईन् । तिनले भनिन्, "हाम्रो परिवारमा पुरूष सूर्य जस्तो छ जसको आफ्नै प्रकाश छ (उनको हातमा साधन, श्रोत र आम्दानी छ, आउनु जानु, निर्णय गर्ने स्वतन्त्रता छ) महिलाहरु उपग्रह जस्ता छन् जसको आफ्नै प्रकाश

छैन । तिनी त्यतिबेला चम्किन्छिन् जब सूर्यको प्रकाशको सम्पर्कमा आउँछिन् । त्यहीकारण सूर्यबाट बढी भन्दा बढी प्रकाश पाउनको लागि महिलाहरूमा एक आपसमा होडबाजी चलिरहन्छ । सूर्यको प्रकाश बिना जिन्दगी हुँदैन ।"

## के पितृसत्ताबाट सबै पुरूषहरूलाई पुरूष भएकै कारणले फाइदा प्राप्त हुन्छ ?

यसको जवाफ 'हो' पनि र 'हैन' पनि हो । यस निम्ति 'हो' कि पुरूषले चाहे पनि नचाहे पनि पुरूष भएकै नाताले उसलाई केही सुविधाहरू प्राप्त हुन्छ । काम गरी खाने वर्गका पुरूष बुर्जुवा वर्गको अगाडि कमजोर नै हुन्छ तापनि आफ्नो वर्गका महिलाहरूमाथि दबाब दिन्छ । दक्षिण एशियाका सबै देशहरूमा पुरूषलाई आउनेजाने स्वतन्त्रता बढी मात्रामा हुन्छ । स्वास्थ्य, भोजन जस्तो आधारभूत कुरा प्राप्तिको हक बढी हुन्छ, जस्तो कि मैले पहिले पनि भनिसकें कि सामाजिक, धार्मिक, कानुनी र साँस्कृतिक रीतिरिवाज सबै क्षेत्रमा पुरूषलाई बढी अधिकार दिइएको छ ।

अर्को दृष्टिबाट हेर्ने हो भने पितृसत्ता अन्तर्गत पुरूषलाई पनि दबाब दिइन्छ । महिला सरह उनलाई पनि पूर्व निश्चित भूमिका निभाउन बाध्य गराइन्छ । उसले चाहे पनि नचाहेर पनि उसबाट एक खास किसिमको व्यवहारको आशा गरिन्छ । उसले पनि केही सामाजिक र अरू कर्तव्य पूरा गर्नुपर्छ । जुन पुरूषको मन कमलो छ अथवा आक्रामक छैन उसको खिल्ली उडाईन्छ । उसलाई अनेक किसिमले सताइन्छ । मैले त्यस्तै एक पुरूषलाई चिन्दछु जो कत्थक नृत्य सिकिरहेको थियो र जसलाई सिलाई बुनाईको शौख थियो । ती सबै कुरा हाम्रो समाजमा महिलाको लागि सुहाउँछ, पुरूषलाई शोभा दिंदैन भन्ने धारणाले गर्दा उक्त व्यक्तिको सँधै हाँसो उडाइन्थ्यो ।

वास्तवमा पुरूषहरूको हातमा पनि छनौट गर्ने अधिकार छैन । ऊ पनि मुख्य धाराबाट बाहिर निस्कन सक्दैन । परिवारको पालक र रक्षकको भूमिका छोड्न सक्दैन । यदि कोही शिक्षित युवकले नोकरी गर्दिन र घरको कामकाज सम्हाल्छु भन्यो भने मानिसहरू उसको विश्वास गर्दैनन् उल्टो तिरस्कारको

दृष्टिले हेर्छन् । उसलाई यो काम महिलाहरूलाई सुहाँउछ पुरूषहरूलाई हैन भनेर भनिन्छ । तर पनि यो अमानवियताको तुलना महिलाहरूले भोग्ने अपमान र दबाबको जिन्दगीसित गर्न सकिन्न । यसको मुख्य दुई कारणहरु छन् - एक त पुरूषहरूले कहिल्यै महिलाहरूले जस्तै घरेलु जीवनको अनुभव हासिल गरेका हुँदैनन् । दोस्रो कारण न उनीमाथि भेदभावको व्यवहार गरिन्छ न ऊ सदाको लागि परनिर्भर नै हुन्छ ।

## केरलाको नायर जाति जस्तो मातृसत्तात्मक समाजबारे के भन्नुहुन्छ ?

वास्तवमा इतिहासमा कहिल्यै पनि कहीं पनि मातृसत्तात्मक (Matriarchal) समाजको सबुद प्रमाण भेटिन्न। प्रायः व्यक्तिहरु मातृवंशात्मक (Matrilineal) मातृस्थानक (Matrilocal) व्यवस्थालाई नै मातृसत्तात्मक भनेर सम्झने भूल गर्छन् । केरलाको नायर जातिमा पनि मातृवंशात्मक तथा मातृस्थानक व्यवस्थाको प्रचलन थियो । यी शब्दावलीहरूको भिन्नतालाई बुझ्न जरूरी छ । मातृवंशात्मक समाजमा वंश आमाको नामबाट चल्दछ । सम्पत्ति पनि आमाबाट छोरीहरूलाई मिल्दछ । अर्थात विवाहपछि पति आफ्नो पत्नीको घरमा आएर बस्न थाल्दछ । पत्नीले आफ्नो घर छोड्दैन । हो, यस मातृवंशात्मक तथा मातृस्थानक समाजमा महिलाहरूको स्थिति राम्रो हुन्छ । तर यसलाई मातृसत्तात्मक समाज भन्न सकिन्न । मातृसत्तात्मक समाजमा महिलाहरु पूर्णरूपले बलियो स्थितिमा हुन्छन् अर्थात शासनको शक्ति, धार्मिक संस्थाहरु, हुन्छन् आर्थिक व्यवस्था, उत्पादन, व्यापार लगायत सबै काम कुरा तिनको नियन्त्रणमा हुन्छ । मातृवंशात्मक समाजमा सम्पत्ति छोरीहरूले पाउँछन् तर त्यस सम्पत्तिमाथि नियन्त्रण भाईहरु र मामाहरूको हुन्छ । यस्तो समाजमा यो कुरा स्पष्टसँग भनिन्छ कि छोरीहरु सम्पतिको मालिक होइनन्, संरक्षक



हुन् । तिनलाई पूरा स्वतन्त्रता प्राप्त हुँदैन जुन अरू सबै समाजमा पुरुषहरूलाई प्राप्त हुन्छ । तापनि यो कुरालाई नकार्न सकिन्न कि यहाँ महिलाहरूको स्थिति अरू समाजमा भन्दा धेरै राम्रो छ ।

केरलाका नायर जाति तथा उत्तर पूर्वभारतका खासी र जान्तीया जनजातिहरूमा प्रचलन भएको मातृवंशात्मक र मातृस्थानक व्यवस्था पनि बाहिरको सोच विचारको दबाबको कारण कमजोर हुँदै विस्तार विस्तार समाप्त हुँदैछ । कानुनी समानताको मागले गर्दा पनि जातीय भिन्नताहरु र प्रथाहरु टुट्दै गइरहेका छन् । तर यसले यो कुरा प्रमाण गर्दछ कि परिवार, उत्तराधिकार, घर, श्रम आदिको बन्दोबस्तको अर्को तरिका पनि हुनसक्दछ । कुनै पनि व्यवस्था निश्चित र अपरिवर्तनीय हुँदैन । यी सबै आखिर व्यक्तिले नै बनाएको हो, शाश्वत हैन ।

## के वितेका लगभग १०० बर्षमा पितृसत्ता बढी सशक्त भयो अथवा कमजोर भयो ?

यो प्रश्नको सिधै उत्तर दिनु मुश्किलै छ । यो विषय निक्कै जटिल छ र सबै समाज र जातिहरूको लागि एउटै कुरा भन्न सकिन्न । कुनै कुनै क्षेत्रमा महिलाहरूले पहिले भन्दा धेरै अधिकार पाएका छन् (जस्तोः भोट र उत्तराधिकारको हक) । धेरै अवसरहरु प्राप्त गरेका छन् । (जस्तैः शिक्षा, प्रशिक्षण, नोकरी र यात्रा) केही हदसम्म राजनीतिक निर्णय शक्ति पनि पाएका छन् । महिलाहरूमाथि हुने दमनबारे चेतना र त्यसलाई ठीक तरिकासँग सुल्भाउने सोच बढेको छ । परिवर्तन ल्याउन स्वयं महिलाहरु नै संगठित भएका छन् । यसको विपरित केही अर्थमा महिलाहरूको स्थिति पहिले भन्दा बिग्रिएको छ । तिनको बिरूद्ध हिंसात्मक घटनाहरु, जनसञ्चार माध्यमद्वारा तिनलाई बस्तु जस्तो बनाइनु र तिनको यौनिकताको व्यापारीकरण निक्कै छिटो अघि बढेको छ । जुन जातिहरूमा दाइजो प्रथा थिए र आज सोही लागू हुंदैछ । जहाँ केटीहरूसित शत्रुता थिएन त्यहाँ बालिकाहरूलाई कुटपिट हुन थालेको छ । केही महिलावादीहरु विचारअनुसार विकास तथा आधुनिकीकरणको पूरै परियोजना पितृसत्तात्मक नमूनामा छ । राजनीतिक अवस्था चाहे साम्यवादी,

समाजवादी या पूँजीवादी होस् सबै महिला विरोधी छन् र तिनलाई अझ बढी समाजको छेउतिर धकेलिदिएको छ । कृषिको क्षेत्रमा सरकार अथवा विकास संस्थाहरूले पुरूषलाई बढी सीप र प्रविधिबारे जानकारी दिए, कर्जा तथा बजारको सुविधा दिए, सहकारी संस्थाका सदस्यता दिए, फलस्वरूप स्रोतसाधन र निर्णय शक्तिमाथि उनीहरूको नियन्त्रण पनि त्यही अनुपातमा बढेको छ । अझ पनि महिलाहरू खेतीपातीको बढी बोझ उठाउँछन् । तर तिनीहरूमा स्रोतसाधनमाथिको नियन्त्रण तथा निर्णय शक्ति निकै कम छ । सन् १९२१ देखि भारतमा महिला पुरूषको अनुपात महिलाहरू कै विरूद्ध गइरहेको छ । सन् १९२१ मा प्रति १००० पुरूषको विरूद्ध ९७५ महिलाहरू थिए र सन् १९९१ मा यो संख्या घटेर ९२९ मा झऱ्यो । व्यापारको खगोलीकरण र अन्तराष्ट्रियरूपमा पूँजीको बृद्धिले गर्दा श्रमशक्तिमा महिलाहरूको भूमिका पुरै परिवर्तन भयो र यो महिलाहरूको बिरूद्धमा छ ।

इंग्ल्याण्डमा पितृसत्तामा भएको परिवर्तनको अध्ययन गरेर सिल्बिया बैल्बीले केही विशेषताप्रति ध्यान आकृष्ट गरेकी छिन् । यो कुरा एशियामा पनि लागू हुन्छ जस्तो लाग्छ । तिनी भन्छिन् – ब्रिटेनमा पितृसत्ताको स्वरूप तथा स्तर दुवैमा परिवर्तन भएको छ । गएको एक शत्ताब्दीमा व्यक्तिगत पितृसत्ता फैलदै गएर सार्वजनिक पितृसत्ताको रूप लिएको छ । व्यक्तिगत पितृसत्तामा घरेलु उत्पादन क्षेत्रमा पनि महिलालाई दमन गर्ने गरिन्छ । जबकि सार्वजनिक पितृसत्तामा सैद्धान्तिकरूपमा रोजगार, सरकार जस्तो सार्वजनिक क्षेत्रमा महिलाहरूमाथि दमन गरिन्छ । सार्वजनिक पितृसत्तामा घरपरिवारको चंगुलबाट महिलाले छुट्कारा पाउँदैनन् । तर यो अब मुख्य क्षेत्र रहेन । व्यक्तिगत पितृसत्ता अन्तर्गत मुख्यरूपले घरको प्रमुखले महिलाको मेहनतको फाइदा उठाउँछ तर सार्वजनिक पितृसत्ता अन्तर्गत सामूहिकरूपले समाज र देशले शोषण गर्दछन् । महिलाहरूले उन्नति गरे या पछाडि परे यसबारे तिनी भन्छिन् "पितृसत्ता ऐतिहासिक रूपमा एक समान रहेन । गएको शताब्दीमा सामाजिक लैङ्गिक सम्बन्धमा जुन परिवर्तन आएको छ, त्यसलाई अलग अलग मानिसहरूले उन्नति, पछौटेपन र यथास्थिति कै रूपमा हेरेका छन् । उदारवादीहरूले यसलाई प्रगति भनेर मान्दछन् । मार्क्सवादी पछि हटेर रोकिनु भन्छन् भने अतिवादी महिलावादीहरूको विचारमा खास परिवर्तन आएको छैन ।"[१०]

# पितृसत्ताको शुरूवात

## केही व्याख्याहरू

**हामीले पितृसत्तालाई एक व्यवस्थाको रूपमा बुझ्ने काम गर्‍यौं । अब अर्को प्रश्न यसको जन्मको बारे उठ्न सक्छ । के पितृसत्ता आदिकालदेखि रहिआएको हो ?**

केहीको यो विश्वास छ कि पुरूषको जन्म नै राज गर्नको लागि भएको हो भने महिलाहरूको जन्म सेवाको लागि । उनीहरू यो पनि मान्छ कि यो ठूलो सानोको कुरा आदिकालदेखि चल्दै आएको छ र यसरी नै चल्दै जान्छ । प्राकृतिका अरू नियमहरु जस्तै यसलाई पनि बदल्न सकिन्न । यसको विपरित कोही अरू पनि छन् जसले यस विचारधारालाई चुनौति दिंदै भन्दछन् कि यो व्यवस्था प्राकृतिक होइन । यसलाई मानवले नै बनाएको हो यसलाई बदल्न पनि सकिन्छ । यो व्यवस्था पहिलेदेखि नै चलिआएको होइन । यसको जन्म भएको हो, त्यसैले यसको अन्त पनि हुनसक्छ । जो व्यक्तिहरु यसलाई प्राकृतिक तथा शाश्वत मान्दछन् र जो मान्दैनन् उनीहरूको बीच गएको करिब १०० वर्षदेखि यो बहस चलिरहेको छ । यहाँ हामीहरु पितृसत्ताको शुरूवात र अस्तित्वबारे प्रतिपादित केही सिद्धान्तहरूको संक्षेपमा चर्चा गर्छौं । यस विषयमा अरू गहिरिएर बुझ्न हामीहरु अरू सामाग्री पढ्न अनुरोध गर्दछौं ।

## पितृसत्ताबारे परम्परावादी दृष्टिकोण

सबै परम्परावादीहरु पितृसत्तालाई जैविक रूप (Biological) बाट निर्धारण गरिएको मान्दछन् । गर्डा लर्नर भन्नुहुन्छ – "परम्परावादीहरु जुन धार्मिक वा बैज्ञानिक ढाँचामा काम गर्छन्, उनीहरु महिलाहरूको तल्लो दर्जा सदादेखि हरेक ठाउँमा प्रचलित ईश्वर प्रदत्त या प्राकृतिक वास्तविकता भनेर मान्दछन् । यसैले यसलाई बदल्न सकिन्छ । जुन कुरा शताब्दीयौंदेखि जीवन्त रहन सक्यो, त्यो सबैभन्दा असल हुनाले नै हो र आइन्दा पनि यस्तै रहनुपर्छ ।"

उक्त परम्परावादी तर्कको सारांश पेश गर्दै तिनी भन्छिन्, धार्मिक दृष्टिकोण अनुसार महिलाहरु पुरूषहरु भन्दा तल्लो स्तरमा छन् किनभने तिनीहरूलाई त्यसरी नै बनाइयो र अलग काम र भूमिका दिइयो । लगभग सबै समाजले पुरूषहरु र महिलाहरूबीच रहेको शारीरिक भिन्नताको आधारमा 'श्रमका विभाजन' को धारणालाई मान्दै आएका छन् । तिनीहरूको शरीर नै कुनै खास कामको लागि बनाइएकोले सामाजिक भूमिका र काम पनि अलग हुनु स्वाभाविक हो । यो शारीरिक भिन्नता प्राकृतिक तथा स्वाभाविक छ, त्यसकारण तिनको दर्जाको असमानता र पुरूष प्रभुत्वको लागि कसैलाई दोषी ठहऱ्याउन सकिन्न । परम्परावादी तर्क अनुसार महिलाहरूले नै बच्चा जन्माउन सक्छन् । तिनीहरूको जीवनको उद्देश्य नै आमा बन्नु हो र तिनको मुख्य काम बच्चा जन्माउनु र पाल्नु हो ।



यस तर्कको एक सहायक तर्क यो पनि हो कि पुरूष शारीरिकरूपमा बढ्ता बलवान थियो । ऊ शिकारी र पालनकर्ता बन्यो । पछि गएर ऊ योद्धा पनि बन्यो । जबकि महिला बच्चा जन्माउन र पालनपोषणमा व्यस्त भए । तिनलाई पुरूषको संरक्षणको आवश्यकत्ता पऱ्यो । तिनी भन्छिन् कि यो शारीरिक भिन्नताको सिद्धान्त पाषाण युगदेखि आजसम्म अटुट रूपमा चल्दै आएको छ जसले पुरूष महिलाभन्दा उच्चस्तरको हो भन्ने मान्दछ ।

शिकारी युग तथा भोजन जम्मा गर्ने युगबारे भएको अनुसन्धानबाट यी दुवै कुरा गलत सावित भएको छ कि पुरूष शारीरिक रूपमा बलियो हुन्छ र उही नै भोजनको व्यवस्था गर्ने व्यक्ति थिया । शिकारबाट त केही दिन मात्र पेट भर्न सकिन्थ्यो । दिनदिनैको भोजन त महिलाहरु र बच्चाहरूले जम्मा गर्दथे । यसबाहेक शिकार र जम्मा गर्ने युगमा पुरूष र महिलाबीच होडबाजी हैन कि धेरै सहयोगको प्रमाण मिल्दछ । दक्षिण एशियाको आदिवासी समाजमा आज पनि महिलाहरूले निक्कै ठूलो सम्मान पाएका छन् । पुरूष महिलाको दर्जामा

यति धेरै भिन्नता पनि छैन । किनभने यहाँ यी दुवैको सहयोग बिना जीवन चल्न असम्भव छ ।

यदि पुरूषको उच्चता र लिङ्गमा आधारित श्रमको विभाजन यत्तिकै स्वाभाविक भएको भए अलग अलग समाजहरूमा महिला पुरूषको दर्जा, उनीहरूको भूमिकामा यत्तिको भिन्नता देखिनु नपर्ने हो । परम्परागत या आदिवासी समाजहरूमा शारीरिक भिन्नताको कारण पुरूषहरूको दर्जा र बलमा धेरै फरक भएको देखिन्दैन ।

हुनतः यो विचारधारा खालि धार्मिक पृष्ठभूमि भएका व्यक्तिहरूमा मात्र सीमित छैन । कैयौं वैज्ञानिक सोंच विचार भएका पुरूषहरु पनि पुरूषलाई उच्च र महिलालाई निम्न मान्दछन् । तिनीहरूमध्ये कतिले मान्छन् कि गर्भधारण र महिनावारीको कारण महिलाहरु अशक्त हुन्छन् । त्यसैले तिनीहरु अयोग्य र तल्लो दर्जा हुन् । अरस्तुले पनि यस्तो विचार र धारणा राख्दै पुरूषलाई सक्रिय तथा महिलालाई निस्क्रिय भनेर भने । उनको हिसाबमा महिला वास्तवमा 'विकलांङ्ग' पुरूष हो । एक यस्तो प्राणी हो जसको आत्मा हुँदैन । महिला शारीरिक रूपमा निम्न स्तरको भएकोले तिनको योग्यता, तर्क शक्ति तथा निर्णय लिने क्षमता सबै निम्नस्तरको हुन्छ । जबकि पुरूष उच्च स्तरको हुन्छ, पुरूषको जन्म राज गर्नको लागि र महिलाको जन्म दासताको लागि भएकोहो । उनले भने, "पुरूषको शान हुकुम दिनुमा हुन्छ जबकि महिलाको आज्ञा पालन गर्नमा ।" अरस्तु जस्तो व्यक्तिले यस्तो सोंच र धारणा राख्न सक्छन् भन्ने कुराले हामीलाई आश्चर्य लाग्छ । धेरै हदसम्म आधुनिक मनोविज्ञानले पनि यस प्रकारको विचारलाई समर्थन गर्दछ । कैंयौ मनोवैज्ञानिकहरूको भनाइ यस्तो छ कि महिलाको जैविकताले नै तिनको मानसिकता निश्चित गर्दछ र त्यही हिसाबबाट तिनको योग्यता र भूमिकाहरु निश्चित हुन्छ । उदाहरणको लागि सिगमण्ड फ्रायडले महिलाहरूको बारे यस्तो टिप्पणि गरे, "महिलाहरूको लागि शरीर रचना नै भाग्य भएको छ" । फ्रायडको विचारमा सामान्य व्यक्ति पुरूष थियो । जबकि महिला विकृत मनुष्य हो । जसको एक अङ्ग अर्थात लिङ्ग काटिएको छ । यही कारणले महिलाको पूरा मनोबैज्ञानिक ढाँचा आफ्नो शरीरको यति ठूलो कमी पूरा गर्ने कोशिसमा

संघर्ष गर्दै आइरहेको छ । फ्रायडको यो लोकप्रिय विचार शिक्षाको माध्यमबाट शिक्षकहरु, सामाजिक कार्यकर्ताहरु र जनताको पनि दृष्टिकोण बनेको छ ।

तर कतिपय ब्यक्तिले पुरूष प्रभुत्वको यो सिद्धान्तलाई चुनौति दिएका छन् । उनीहरूले प्रमाणित गरिदिए कि यस प्रकारको ब्याख्याको कुनै ऐतिहासिक या वैज्ञानिक ठोस प्रमाण नै छैन । समयको साथ साथ मनुष्य प्रकृतिबाट टाढिँदै गएको छ र परिस्थिति बदलिएको छ । आज मनुष्यको शरीरले उसको भाग्य निर्धारण गर्दैन । मनुष्य त त्यो भन्दा धेरै माथि उठिसक्यो । यो सत्य हो कि महिलाहरु र पुरूषहरूको शरीर र शारीरिक काम केही हदसम्म अलग अलग छ र यसैकारण केही हदसम्म भूमिका पनि अलग अलग हुनसक्छ । तर यही भिन्नताको आधारमा बिभेद र शोषणको ढाँचा तयार गर्न सकिन्न, जसमा पुरूष प्रमुख बनोस् । यसप्रकारको सिद्धान्त गलत प्रमाणित भएकै कारणले यो तथ्य प्रष्ट हुन्छ कि पितृसत्ताको रचना ऐतिहासिक प्रक्रियाले नै भएको हो र मनुष्यले नै बनाएको हो ।

## कुन सिद्धान्तले महिलाहरूको निम्नतालाई सार्वभौम मान्दैन र पितृसत्ताको आरम्भको खोजी गर्छ ?

गएको सय वर्षदेखि अनेक महिला पुरूषले पितृसत्ताको आरम्भबारे जान्न बुझ्न कोशिस गर्दै आएका छन् । यो कहिले शुरू भयो, किन शुरू भयो, यिनीहरूले यस्ता प्रश्नहरु गर्दै आएका छन् कि पितृसत्ता भन्दा पहिले मातृसत्ता थियो, जसमा महिलाहरूले पुरूषहरूको दमन गर्दैथे ? अथवा के त्यो समयमा दुबै लिङ्गबीच समानता थियो ? महिलाहरु र पुरूषहरूको फरक फरक भूमिकाको निर्णय कसरी भयो ? कहिलेदेखि एउटालाई उच्च र अर्कोलाई निम्न सम्झिन थालियो । यस्तो प्रश्नहरु उठाउनु र उत्तर खोज्ने कोशिस गर्नु खालि आफ्नो अतितप्रतिको उत्सुकता शान्त पार्न हैन कि उँचनीचरहित समाजको कल्पना गर्न र पितृसत्तालाई चुनौति दिनको लागि आवश्यक छ । त्यसैले हामीले यसको आरम्भ बारे जानकारी राखौं । परिवर्तनको लागि रणनीति तयार गर्नुभन्दा पहिले परिवर्तन किन भन्ने कुरा जान्नु आवश्यक



छ । जुन ढाँचा र विचारधारालाई बदल्नु छ ती दुवै कहिले किन र कसरी शुरू भए ? भन्ने बारे बोध हुन पनि आवश्यक छ । पितृसत्ताको आरम्भबारे कुनै एक मत यस्तो छैन जसमा सबै सहमत छन् । यहाँ हामी संक्षेपमा खालि केही मुख्य मतहरु बारे चर्चा गर्छौं :

## (१) पितृसत्ताको आरम्भबारे एङ्गल्स (Engels) को व्याख्या

सन् १८८४ मा एङ्गल्सले आफ्नो पुस्तक "ओरिजन अफ द फेमिली, प्राइभेट प्रपर्टी एण्ड द स्टेट"मा पितृसत्ताको आरम्भबारे एक महत्वपूर्ण मत पेश गरे । एङ्गल्सको विश्वास थियो कि महिलाहरूलाई अधिनमा राख्ने कुराको शुरूवात व्यक्तिगत सम्पत्तिको शुरूवातका साथ भयो । उनको विचारअनुसार त्यही बेला "विश्व इतिहासमा महिलाहरूको हार भयो ।" उनको भनाइ छ कि वर्ग विभाजन र महिलाहरूको अधिनताको कुरा ऐतिहासिक तथ्य हो । एक समय यस्तो थियो जुन वेला वर्ग र लिङ्गको आधारमा कुनै विभाजन थिएन । उनले समाजको तीन चरणहरूको कुरा गर्छन्- पाशविक, बर्बता र सभ्यता (Savagery, Barbarism and Civilization) ।

पाशविकताको समयमा मनुष्य लगभग जनावरहरु जस्तै गरी बाँच्थे, भोजन जम्मा गर्थे र शिकार गर्थे । वंश आमाको तर्फबाट चल्दथ्यो । त्यो बेला न विवाह थियो, न त सम्पत्तिको धारणा ।

बर्बरकालमा पनि शिकार र भोजन जम्मा गर्ने काम जारी नै रह्यो । विस्तारै विस्तारै खेतीपाति र पशुपालनको विकास भयो । पुरूषहरु शिकारको लागि टाढा टाढासम्म जान लागे र महिलाहरु बसेर घर र बच्चाहरु संभाल्ने काम गर्थे । समयको साथ लिङ्गको आधारमा कामको विभाजन शुरू भयो । तर महिलाहरूको हातमा शक्ति थियो र मातृकूलको वंशमाथि तिनको नियन्त्रण थियो । एउटा वंशभित्र वर्ग विभाजन थिएन, तर एउटाको अरूसित झगडा हुने गर्थ्यो ।

जब पशुहरु पाल्ने काम हुन थाल्यो, अनि पुरूषहरूले गर्भको रहस्यबारे सोच विचार गर्न थाले । शिकार र समूहहरूको आपसी लडाइको लागि निकै हतियारहरु बनाउन थाले । यस्तो लडाईमा पक्रिएका व्यक्तिहरु दास बने । समूहहरूले बढी भन्दा बढी पशुहरु र दासहरु जम्मा गर्न लागे । खासगरी दासीहरु बढी जम्मा गरिए । यसरी लिङ्गको अरू बढी विभाजन भयो । पुरूषहरूले पशुहरु र दासहरूको रूपमा सम्पत्ति जम्मा गरे । यद्यपि सम्पत्ति लडाइँ कै कारण प्राप्त हुन्थ्यो र स्वाभाविक रूपले पुरूष नै ती सम्पत्तिको मालिक बन्थे । यी सबैबाट व्यक्तिगत सम्पत्तिको धारणा शुरू भयो । पुरूष चाहन्थे कि उसले जम्मा गरेको शक्ति र सम्पत्ति उनको बच्चाहरूलाई मिलोस् । बच्चा खास कुनै एक पुरूषकै हो भन्ने निश्चित गर्नको लागि यो आवश्यक भयो कि महिलाले एउटै पुरूषसित मात्र शारीरिक सम्बन्ध राखोस् । उत्तराधिकारी सुनिश्चित गर्नको लागि मातृ अधिकारलाई समाप्त गरियो । बाबुको अधिकार जमाउन महिलाहरूलाई घरेलु बनाउनु, तिनीहरूको गतिशिलतामा बन्धन लगाउनु, तिनीहरूको यौनिकतामाथि नियन्त्रण राख्नु जरूरी थियो । एङ्गल्सको भनाइ छ कि इतिहासको यस कालमा र यिनै कारणहरूले गर्दा महिलाहरूमाथि पितृसत्ता र एक पुरूषसँग विवाह (Monogamous) सम्बन्ध लादियो ।

यसरी अब सम्पत्ति त्यही क्षेत्रमा बढाउन थालियो जो पुरूषको नियन्त्रणमा थियो । यसकारण महिलाहरु आर्थिकरूपमा पुरूषमाथि निर्भर हुन पुगे । एङ्गल्सको भनाई अनुसार आधुनिक सभ्यतामा महिलाहरूलाई घरभित्रै बन्द गरियो, जसबाट सम्पत्तिको उत्तराधिकारीको जन्म होस् । यहिबाट विवाहमा दोहरो मापदण्डको शुरूवात भयो । एङ्गल्सको भनाइअनुसार राज्यसत्ता (State) र शासनयन्त्रको विकासको साथसाथै एक पुरूषसँगको विवाह, पितृसत्तात्मक परिवारमा परिवर्तन भयो, जहाँ महिलाको श्रम पनि "व्यक्तिगत सेवा बन्न गयो, पत्नी एक दासी बन्न पुगी, जसलाई सामाजिक उत्पादन क्षेत्र भन्दा बाहिर राखियो ।"

"मातृ अधिकार समाप्त हुनु नै महिलाहरूको ऐतिहासिक हार थियो । पुरूषहरूले अब घरमा पनि नियन्त्रण कायम गरे र महिलाहरूको दर्जा घटेर सेविका हुन

पुग्यो । तिनी पुरूषको वासनाको दासी बन्न पुगी, खाली बच्चा जन्माउने एक साधनको रूपमा ।"

एङ्गल्सले बुर्जुवा महिलाहरु र कामदार वर्गका महिलाहरूबीच भिन्नता देखाएका छन् । उनको विश्लेषणअनुसार बुर्जुवा महिलाहरु घरबाहिर काम गर्दैनन् र पूर्णरूपले पतिहरूमाथि निर्भर हुन्छ । तिनीहरु वास्तवमा पति कै सम्पत्ति हुन् । तिनीहरूको एउटै काम हो – उत्तराधिकारी जन्माउनु । अर्कोतर्फ कामदार वर्गका महिलाहरूले उत्पादन कार्यमा लागेर आफूमाथिको दमनलाई तोडे । तिनीहरूको दमनको कुनै भौतिक आधार छैन । एङ्गल्सको भनाइअनुसार कामदार वर्गका महिलाहरु पुरूषको दबाबमा छैनन् तापनि जुन केही दबाब जस्तो देखिन्छ, त्यो अतितको छायाँ मात्र हो । जुन कि क्रान्ति भएपछि समाप्त हुन्छ । कामदार वर्गका महिलाहरूले आफ्ना पुरुषहरूसित मिलेर ब्यक्तिगत सम्पत्ति समाप्त गर्नको लागि संघर्ष गर्नुपर्दछ ।

केही अरू व्यक्तिहरु र मार्क्सवादी महिलावादीहरूले एङगल्सको सिद्धान्तलाई अझ विकसित गरे । मार्क्सवादी महिलावादी मान्दछन् कि मुख्य समस्या वर्ग विभाजन हो । उनीहरु महिलाहरूको दमनको समस्यालाई मार्क्सवादी रूपरेखाभित्र पार्दछन् । केही अरू महिलावादीहरूले एङ्गल्सको व्याख्याको आलोचना गरेका छन् । नयाँ मानव शास्त्रीय शोधकार्यबाट धेरै यस्ता प्रमाण प्रस्तुत भए जसबाट यो थाहा लाग्छ कि कृषिको विकास र बाँच्नको लागि आवश्यक भोजन उत्पादनमा महिलाहरूले निकै महत्वपूर्ण भूमिका निभाएका छन् । यसबाट पुरूषको "शिकारी मानव" रूपको बारेमा कैयौं महत्वपूर्ण प्रश्नहरु उठ्दछन् ।

महिलावादीहरु यो पनि मान्दछन् कि महिलाहरूको नियन्त्रणको लागि खाली आर्थिक कारणलाई मात्र जोड दिएर पुग्दैन । साथै यस कुरामा पनि सहमत छैनन् कि कामदार वर्गको परिवारमा महिलाहरूको दमन र शोषणको कुनै भौतिक आधार छैन । यी सबै कमीहरूको बाबजुद पितृसत्ता बुझ्नमा एङ्गल्सको भूमिका ज्यादै महत्वपूर्ण छ। उसको योगदानबारे गर्दा लर्नरको भनाइ छ – इतिहास र समाजमा महिलाहरूको स्थिति बुझ्नमा एङ्गल्सले महत्वपूर्ण योगदान गरेका छन् ।

- एङ्गल्सले एकातिर पारिवारिक सम्बन्धमा भिन्नता र कामको बाँफाँड तथा अर्कोतर्फ समाजमा महिलाहरूको स्थितिबीच आपसी सम्बन्धतिर ध्यान दिलाएका छन् ।

- उनले व्यक्तिगत सम्पत्ति, एक - वैवाहिक सम्बन्ध र वेश्यावृत्तिबीचको सम्बन्ध पनि देखाएका छन् ।

- एङ्गल्सले यो पनि भने कि पुरूषको आर्थिक, राजनीतिक प्रभुत्व तथा महिलाहरूको यौनिकतामाथिको नियन्त्रणबीच सम्बन्ध छ ।

- व्यक्तिगत सम्पत्तिवाला धनी व्यक्तिहरूले राज्यसत्ता/शासनतन्त्र बनाउनुसँग महिलाहरूको ऐतिहासिक हारको सम्बन्ध देखाएर एङ्गल्सले एउटा ऐतिहासिक तथ्यको उजागर गरिदिए । हो, उनले आफ्ना यी धारणालाई प्रमाणित गर्न पाएनन् तर आउने सय वर्षको लागि अनेक सैद्धान्तिक प्रश्नहरूको उत्तर उनको विश्लेषणमा पाइन्छ ।[१२]

## २) अतिवादी महिलावादी तथा क्रान्तीकारी महिलावादी व्याख्या **(Radical and Revolutionary Feminist)**

अतिवादी महिलाहरूको अनुसार पितृसत्ता सम्पत्तिभन्दा पहिले शुरू भएको थियो । उनीहरूको मान्यताअनुसार मूलभूत तथा सवैभन्दा पहिला विरोध वर्ग बीच हैन दुबै लिङ्गको बीचको हो । अतिवादी महिलावादीहरू सबै महिलाहरूलाई एउटै वर्गको रूपमा मान्छन् तर तिनीहरू परम्परावादीहरूले जस्तै यो मान्दैनन् कि पितृसत्ता आदिकालदेखि रहिआएको हो र पछि पनि संधै रहने छ अर्थात यो स्वाभाविक रूपले चल्नेछ । तिनको विश्लेषण अनुसार महिला तथा पुरूषबीच जैविक तथा मनोवैज्ञानिक स्तरमा लिङ्गभेदको व्याख्या गर्न सकिन्छ । शुलामिथ फायरस्टोन भन्छिन् कि महिलाहरू प्रजनन् कै कारणले दमित भएका हुन् । उनी भन्छिन् महिलाहरूको दमनको आधार तिनको प्रजनन् शक्ति हो किनभने आजसम्म तिनी पुरूषको नियन्त्रणमा रही आएकी छिन् ।

केही अतिवादी महिलावादीहरूको भनाइ छ कि समाजमा दुई प्रकारको वर्ग व्यवस्था छ ।

- आर्थिक वर्ग व्यवस्था जो उत्पादन सम्बन्धमाथि आधारित छ ।
- लिङ्ग वर्ग, व्यवस्था जो प्रजनन् सम्बन्धमाथि आधारित छ ।[१३]



यो दोस्रो व्यवस्था नै महिलाहरूको अधिनताको लागि जिम्मेवार छ । तिनको भनाइ अनुसार पितृसत्ताको धारणा यही दोस्रो किसिमको व्यवस्थामा छ । यसमा महिलाको प्रजनन् शक्तिमाथि पुरूषको अधिकार तथा नियन्त्रण हुन्छ र पुरूष महिलामाथि शासन गर्दछ । यही कारणले गर्दा महिलाहरु शारीरिक र मनोवैज्ञानिक रूपमा पुरूषहरूमाथि निर्भर हुन गएका छन् । "यस अधिकार र नियन्त्रणको रूप र तरिका ऐतिहासिक तथा साँस्कृतिक समय तथा आर्थिक वर्ग व्यवस्थाको परिवर्तन सँगसँगै बदलिदैं गएको छ र जान्छ । तर पनि महिलाहरूको प्रजनन् शक्तिमाथि पुरूषहरूको अधिकार र नियन्त्रण सँधै रहिआएको छ । क्रान्तिकारी महिलावादीहरूका अनुसार पुरूषको शक्तिको यही निरन्तरता नै पितृसत्ताका आधार हो" ।[१४]

यी महिलावादीहरु आफ्नो विश्लेषणमा यो पनि मान्छन् कि दमनको आधार महिलाको जैविकता हैन, तर तथ्य यो हो कि पुरूषले तिनको जैविकताको कति मूल्य निर्धारण गर्छ र तिनलाई आफ्नो मुट्ठीमा राखेर आफूले कत्तिको शक्ति प्राप्त गर्छ ।

उदाहरणको लागि कतै राखिएको एउटा चक्कु आफैं ज्यान लिने वस्तु हैन । तर उक्त चक्कु कसको हातमा छ र यसको कसरी प्रयोग गरिन्छ, तरकारी काट्नमा वा रोप्न, त्यसमा निर्भर गर्दछ । कोही अन्य अतिवादी महिलावादीले पितृसत्तालाई महिलाको जैविकता हैन पुरूषको जैविकतासँग जोडर हेर्छन् ।

सृजन ब्राउनमिलर भन्छिन् महिलाको अधिनताको कारण नै पुरूषको बलात्कार गर्ने क्षमता हो ।[१५]

तिनको भनाइअनुसार पुरूषको यही शक्तिको कारण उसले महिलालाई तर्साएर तिनमाथि नियन्त्रण गर्छ । विस्तार विस्तार यही कारणले गर्दा महिलामाथि पुरूषको दबाब र प्रभुत्व जम्न गयो । गर्डा लार्नर भन्छिन्, एलिजाबेथ फिसरको तर्क यो छ कि "जब जनावरलाई पाल्तु बनाइयो तबमात्र पुरूषलाई गर्भधारणमा आफ्नो भूमिका बारे बोध भयो । पशुहरूमा भालेद्वारा जबरजस्ती संभोग गरेको देखेपछि पुरूषहरूमा महिलामाथि बलात्कार गर्ने विचार फुर्न थाल्यो । तिनी दावा गर्छिन् जंगली जनावरलाई पाल्तु बनाउने प्रक्रिया अन्तर्गत हुने क्रुरता, हिंसा र पशु जीवनको पशुताले पुरूषलाई यौनिकरूपबाट दबावकारी बनाइदियो र मनुष्य जीवनमा पनि हिंसाले संस्थागत रूप लिएर स्थायी बन्न गयो ।[१६]

कोही महिलावादी पितृसत्तालाई पुरूषहरूको मनोविज्ञानसित जोडेर हेर्छन् । मेरीओ ब्रायन यस्तो विश्वास गर्छिन् कि पुरुष आफैं बच्चा जन्माउन सक्दैन र यही कमीबाट उत्पन्न हुने पीडा र रीसको कारण ऊ दबावकारी बन्दछ । अतिवादी महिलावादी यस कुरालाई मान्दछ कि पुरूष र महिलाको जैविकता अथवा मनोविज्ञानको कारणले नै यी दुवै अलग अलग वर्गमा विभाजित भए । पुरूष शासक वर्गले सोझै हिंसाको प्रयोग गरेर शासन गर्दै आएको छ । अनि समयको साथसाथ हिंसाको प्रयोग पनि संस्थागत हुदैं गयो ।[१७]

जैविकताको भिन्नतालाई आधार मानेकोमा अतिवादी नारीवादीहरूलाई आलोचना गरियो । किनभने यदि भिन्न जैविकता नै आधार हो भने समाजमा परिवर्तन कसरी आउँछ ? उनीहरूलाई यस कुराको लागि पनि चुनौति दिइयो कि उनीहरूले लिङ्ग वर्ग व्यवस्था र आर्थिक वर्ग व्यवस्थालाई दुई अलग एकाइको रूपमा हेरे । यी दुवैको बीच आपसी सम्बन्धलाई दृष्टिगत गरेनन् । तैपनि हिंसा र पितृसत्ताको ठोस सैद्धान्तिकरूप दिनमा र महिलाहरूको अधीनताको विषयमा गहिरिएर विचार गर्नमा अतिवादी नारीवादीहरूको योगदान धेरै रहेको छ ।

पितृसत्तालाई भिन्दै दृष्टिकोणबाट बुझ्नमा अतिवादीहरूले एउटा महत्वपूर्ण भूमिका निभाएका छन् । उनीहरूले हामीलाई त्यो दुनिया देखाई दिए, जहाँ पुरूषले महिलाको शरीरमाथि नियन्त्रण गरेर जबर्जस्ती तिनीमाथि मातृत्व र यौन दासता थोपर्दछन् । उनीहरूले यो पनि भने कि यी सबै कति धेरै भैरहेको छ ? यो विश्लेषणबाट यो पनि थाहा हुन्छ कि पुरूष प्रधान संस्थाहरूको आपसी षडयन्त्रभित्र महिलाहरूलाई कम बाटो छोडिन्छ र यी संस्थाहरूभित्र महिलाहरूको मनोविज्ञानलाई कुन किसिमले बंग्याएर विकृत बनाइन्छ । तर अतिवादी महिलावादीहरु पितृसत्तात्मक व्यवस्थाको शुरूआतको मूलकारणबारे व्याख्या गर्नमा असफल रहे । पुरूषहरूले यस्ता संस्थाहरु किन बनाए र किन उनीहरु यसलाई कायम राख्दैछन् ? यी प्रश्नहरूबारे अनुसन्धान गर्न बाँकी नै छ ।[१८]

## ३) समाजवादी महिलावादी (Socialist Feminist) व्याख्या

समाजवादी महिलावादीहरूले मार्क्सवादको आधारभूत सिद्धान्तहरूलाई मान्यता दिंदै त्यसलाई अरू अघि बढाएर ती क्षेत्रहरूमा लागू गरे, जहाँ उनको दृष्टिमा परम्परागत मार्क्सवादी विश्लेषणमा छुट्न गएको थियो । तिनीहरु मार्क्सवादी सिद्धान्त तथा अतिवादी नारीवादी सोंच दुवैलाई प्रयोग गर्दै यो कुरा मान्दछन् कि दुवै उपयोगी भए पनि आफैंमा पूर्ण छैनन् ।

यिनीहरु पितृसत्तालाई सार्वभौम अथवा अपरिवर्तनीय मान्दैनन् । यिनीहरूको भनाइ अनुसार यो इतिहासको कुनै कालखण्डमा शुरू भएको थियो र यसको भौतिक आधार छ । यिनीहरु लिङ्गको आधारमा भएको श्रम विभाजनको विभिन्न रूपको यथास्थितिलाई मान्दछन् । समाजवादी महिलावादीहरूको भनाईअनुसार उत्पादनको तरिकामा परिवर्तन भयो भने ऐतिहासिक रूपमा पुरूष र महिलाहरूको पारस्परिक सम्बन्धमा पनि परिवर्तन हुन्छ ।[१९]

यिनीहरु आर्थिक वर्ग र लैंङ्गिक वर्गलाई समाजको दुई मुख्य विरोधको रूपमा मान्दै ती दुवै वर्गबीचको सम्बन्धलाई पनि विचार गर्दछन् । यिनीहरूको भनाइ अनुसार अर्थव्यवस्था र उत्पादनको सम्बन्ध छ, तर यो नै यसको एक मात्र कारण हैन । पितृसत्तामाथि अरू कैयौं शक्तिले पनि प्रभाव पार्दछ । उदाहरणको लागि, विचारधारा जसले यस व्यवस्थालाई सुदृढ गर्नमा ठूलो भूमिका खेल्छ ।

कसैको विचार छ कि पितृसत्ताको शुरूवातपछि नै व्यक्तिगत सम्पति आएको हो अर्थात यसो भनौं कि पितृसत्ताकै अन्तर्गत महिलाहरूको श्रमको शोषण हुन लाग्यो । पछि सम्पत्ति बन्न लाग्यो र पुरूषले त्यसैलाई आफ्नो "व्यक्तिगत सम्पत्तिको" दर्जा दिए । उनीहरु विश्वास गर्छन्, जसरी पितृसत्ता व्यक्तिगत सम्पत्तिको फलस्वरूप शुरू भएको हैन त्यसरी नै व्यक्तिगत सम्पत्तिको अन्तसँगै समाप्त भएर जाँदैन । उनीहरु आफ्नो विश्लेषणमा उत्पादन सम्बन्धहरु र प्रजनन् सम्बन्धहरु (Production and Reproduction Relations) दुवैमा दृष्टि पुऱ्याउँछन् । उनीहरूको भनाइ अनुसार प्रजनन् र परिवार तथा घरेलु श्रमको जुन क्षेत्रहरूमाथि उनीहरूले ध्यान दिएका छन् यसबारे मार्क्सवादी विद्वान्हरूले या त विचार पुऱ्याएनन् या समुचित विश्लेषण गरेनन् ।

समाजवादी महिलावादी आफ्नो भाषामा "प्राथमिक" या "प्रमुख विरोध" (Primary or Principal Contradiction) जस्ता शब्दहरूको प्रयोगबाट हिचकिचाउनुको साथै सामान्यरूपमा वर्ग या जेण्डरलाई एक अर्कोको आधारभूत कारण बताउने कोशिसबाट पनि पन्छिन्छन्। उनको दृष्टिमा दमनको विभिन्न व्यवस्थाहरु परस्पर निकै गहिरोसँग गाँसिएको छ, त्यसलाई अलग गरेर हेर्न सकिन्न न कुनै एकलाई नै आधार भन्न सकिन्छ ।[२०]

## के हामीहरू समाजवादी महिलावादको सोंचाइको विभिन्न पक्षहरूको चर्चा गर्न सक्छौं ?

समाजवादी महिलावादीहरूबीच पनि कुनै बिषयलाई जोड दिने या केन्द्रविन्दु बनाउने अथवा धारणाहरूको प्रयोग गर्ने तरिकामा केही भिन्नता छ । एक समाजवादी महिलावादी विद्वान्, आमा र कामदार, प्रजनन्कर्ता र उत्पादक (Reproducer and Producer) र त्यससित सम्बन्धित समस्याहरूलाई एकै सुत्रमा बाँधेर बुझ्नु जरूरी छ ।

उनको तर्क छ कि महिलाहरूलाई दमन गरिने मूल कारणमा पुरूष प्रभुत्व र पूँजीवादी व्यवस्थाको गठबन्धन हो । उनको दृष्टिमा "समाजका एकातिर पूँजीवादी श्रम प्रक्रिया छ जसमा श्रमिकको शोषण हुन्छ, अर्कोतिर पितृसत्तात्मक

लिङ्गमा आधारित पदानुक्रम (Hierarchy) छ जसमा आमा, घरेलु श्रमिक र उपभोक्ताको रूपमा महिलाको दमन गरिन्छ ।"[२१] उनको भनाइ पितृसत्ता सिधै पुरूष र महिला बीचको जैविक फरक (Biological Differencess) को नतिजा हैन तर यसमा के कस्तो किसिमले विचारधारा र राजनीतिक स्तरमा त्यस भिन्नताको व्याख्या गरिन्छ त्यो महत्वपूर्ण पक्ष हो ।

यसैलाई हामी प्रजनन्‌को सामाजिक सम्बन्ध (Social Relations of Reproduction) अथवा लिङ्ग-जेण्डर ब्यबस्था (Sex-Gender System) भन्दछौं । जिलाह आइसैंस्टीनको विचारअनुसार यो प्रजनन् सम्बन्ध खासगरेर पूँजीवादी सम्बन्ध हैन, साँस्कृतिक सम्बन्ध हो जो एक ऐतिहासिक युगदेखि अर्कोसम्म चल्दै जान्छ । समाजको आर्थिक ढाँचा बदलेर जाला तर पितृसत्तालाई बदल्न त्यति सजिलो हुँदैन । यो त प्रजनन्‌को सामाजिक सम्बन्ध हो जसबाट नियन्त्रण र अधिकारको एउटा उच्च-निम्न अवस्थाको प्रणाली बन्दछ । यही प्रणाली अनेक सामाजिक व्यवस्थामा प्रयोग गरिन्छ । यसमा पूँजीवाद पनि पर्न जान्छ ।[२२] सरल शब्दमा भन्ने हो भने पूँजीवाद हटे पनि पितृसत्ता रूपी रावणको अनेक शिरमध्ये केवल एक शिर मात्र काटिनेछ ।



एक अर्को समाजवादी महिलावादी विचारधाराले पितृसत्ताको ठाउँमा महिलाको अधिनता (Subordination of Women) को धारणा भन्न बढी रूचाउँछन् । किनकि उनको विचारमा पितृसत्ता र सार्वभौम छ न सबैमाथि लागू हुन्छ । इतिहासको हरेक काल खण्डमा पुरूषहरू र महिलाहरूको बीच भिन्न भिन्न किसिमको सम्बन्ध रही आएको छ । उनको विचारअनुसार लिङ्गको फरक महत्वपूर्ण छैन, तर जेण्डरको फरक महत्वपूर्ण छ । लिङ्ग जैविक फरक हो जब कि जेण्डर समाजद्वारा बनाइएको फरक हो । यो विचारधारालाई अनेक महिलावादी विद्वान्‌हरू र खासगरी विकास संस्थाहरूले खुला मनले स्वीकार गरे । तैपनि केही महिलावादीहरूको धारणाअनुसार जेण्डरको अवधारणा

(Concept) मा बल र शक्ति छैन जुन पितृसत्तामा छ । उनीहरु मान्दछन् कि महिलावादीहरूले आफ्नो हितका लागि गर्ने संघर्षको लागि पितृसत्ताको अवधारणा धेरै नै सफा र सशक्त छ यसकारण उनीहरूको विचारमा सिद्धान्त र व्यवहारमा तालमेल ल्याउन पितृसत्ता महत्वपूर्ण धारणा हो ।

यसवाहेक पितृसत्ता र पूँजी (Patriarchy and Capital Theory) को सिद्धान्तको विचारधारा पनि छ, जसलाई हायडी हार्टमनले विकसित गरे । यस विचारधाराले पितृसत्ता र पूँजीवादीबीच रहेको सम्बन्धको बारेमा विचार गर्छ र मान्दछ कि सबै वर्गका पुरूषहरूलाई एक आपसमा जोड्ने साझा सूत्र पितृसत्ता नै हो । एक महिलाको श्रमबाट तिनको पनि र पूँजीवादी दुवैलाई फाइदा हुन्छ । हार्टमनको भनाइ छ कि पितृसत्ता सम्बन्धहरूको एक समूह हो । त्यस सम्बन्धमा भौतिक आधार छ । यसमा पुरूषहरूबीच पनि उँचनीच या पदानुक्रमको सम्बन्ध हुन्छ । साथै सबै पुरूषहरूमा पुरूष भएकै नाताले भाइचारा हुन्छ जसको कारण महिलाहरूलाई दबाउनमा सफल हुन्छन् ।

महिलाहरूको श्रम शक्तिमाथि पुरूषहरूको नियन्त्रण नै पितृसत्ताको भौतिक आधार हो । उनी भन्छिन् कि समाजवादी महिलावादी भएको कारण हामीले पितृसत्ता तथा पूँजीवादी दुवैको विरूद्ध संघर्षको रणनीति तयार गर्नुपर्दछ । हामीले यस कुरामा जोड दिनुपर्दछ, जुन समाजको हामी निर्माण गर्न चाहन्छौं उसमा एक आपसको निर्भरता स्वीकार्नुमा लाज हैन मुक्तिको भावना हुनेछ, जहाँ प्रेमले पालनपोषण गर्नु दवावपूर्ण व्यवहार नभएर प्रत्येक व्यक्तिको गुण हुनेछ । जहाँ महिलाहरूले पुरूषहरूको झुठो र ठोस सबै किसिमका स्वतन्त्रताको समर्थन गर्ने छैनन् ।[२३]

समाजवादी महिलावादी विचारधाराहरूमध्ये एउटा अर्को महत्वपूर्ण विचार मारिया मीसले 'द सोसल ओरिजिन अफ सेक्सुअल डिभिजन अफ लेबर' नामक आफ्नो शोधपत्रमा प्रस्तुत गरेकी छिन् ।[२४] तिनी जेण्डर पदानुक्रम (Gender Hierarchy) या पितृसत्ताको आरम्भबाट घटेका घटनाक्रम या सम्भावित कारणहरूबारे आफ्नो केही विचार प्रस्तुत गर्छिन् । यो कार्यपत्रमा तिनी भन्छिन्-विभिन्न महिलावादी समूहरूबीच जस्तोसुकै धारणागत मतभेद भए पनि ती सबै महिला र पुरूषका बीच उचँ नीचको यो सम्बन्ध (जसलाई

अब कोही पनि आफ्नो जैविक भाग्य मान्न तयार छैन) को विरूद्ध आफ्नो विद्रोहमा एक छन् । जसको फलस्वरूप उनीहरु यस असमानता र भेदभावको सामाजिक जराको खोजी गर्दैछन् ।

महिलावादी गतिबिधि र महिलावादी सिद्धान्त (Feminist Action and Theory) बीच रहेको नजिकको सम्बन्ध बारे जोड दिँदै उनी भन्छिन् -जो महिलाहरु सयौं वर्ष पुरानो महिलाहरुमाथिको शोषण र दमनको व्यवस्थाविरूद्ध संघर्ष गर्नको लागि प्रतिबद्ध छन् उनीहरु शिक्षाविदहरुद्धारा प्रस्तुत गरिएका नतिजा र व्याख्याको कारण चुप लागेर बस्न सक्दैनन्, जसमा भनिएको छ कि प्रारम्भको प्रश्न उठाउनु हुँदैन किन कि त्यस समयको बारे हामीलाई निकै कम ज्ञान छ । तर यस किसिमको सम्बन्धको सामाजिक शुरूवातको खोजी गर्नु महिला मुक्तिको राजनीतिक रणनीतिको एक अङ्ग हो । महिला र पुरूषबीच विद्यमान असमान सम्बन्धको जरा र सो सम्बन्ध जारी रहने तरिका नबुझिकन त्यसलाई समाप्त गर्न सकिन्न । मीस भन्छिन् - लिङ्ग पदानुक्रमको सफाइको रूपमा दिइएको व्याख्याहरुमा महिलाहरुको विरूद्ध हुने जैविक पक्षपातको व्यवहार छ । यस विषयलाई राम्रोसँग बुझेर हामीले यसलाई अस्वीकृत गर्नुपर्दछ । जैविकता (Biology) लाई उँचनीचको निर्धारक बनाउनु, जस्तो कि फ्रायडको टिप्पणी 'शरीर नै भाग्य हो' (Anatomy is destiny) मा भनिएको छ । यस्तो प्रयास चाहे खुल्लारूपले भएको होस् वा ढाकछोपले, महिलाहरुको शोषण र दमनको कारक तत्वहरुको विश्लेषण गर्नमा सबभन्दा ठूलो अड्चन भएको छ । तैपनि आफ्नो मुक्तिको लागि संघर्ष गर्ने महिलाहरुले जैविकतालाई निर्धारकको रूपमा मान्ने कुरालाई अस्वीकार गरिदिएका छन् । तर उनीहरुलाई यो प्रमाणित गर्नु निकै कठिन भइरहेको छ कि पुरूषहरु र महिलाहरुबीच भएको असमान उँचनीच तथा शोषणकारी सम्बन्ध सामाजिक कारणले भएको हो । हाम्रो एउटा खास समस्या हो जैविक निर्धारणकर्ताको यो बिष केवल विश्लेषण मात्र नभै विश्लेषणको औजार, (Tool of Analysis) मूल धारणाहरु र परिभाषाहरुमा पनि फैलिइसकेको छ ।

मीसले महिला र पुरूषबीच लिङ्गमा आधारित कामको बाँडफाँड (Sexual division of labour) कहिले भएको हो भन्ने प्रश्न गर्दिनन् । कसरी यो कामको बाँडफाँड दबाब र शोषणको आधार हुनगयो तथा किन यो सम्बन्ध

असमान र पदानुक्रममा आधारित हुन गयो, त्यसको बिश्लेषण गर्छिन् । तिनी सल्लाह दिन्छिन् –"हामीले लिङ्गमा आधारित कामको बाँडफाँडलाई परिवारसँग गाँसिएको समस्याको रूपमा हैन कि सम्पूर्ण समाजको ढाँचासित गाँसिएको समस्या भनेर मान्नु पर्दछ ।" मीसको विचारअनुसार महिला र पुरूषको उँचनीचमा आधारित कामको बाँडफाँडको हरेक समाज र कालमा तत्कालीन वर्ग सम्बन्धसित अभिन्न सम्बन्ध रहँदै आएको छ र उक्त महिला पुरूष पदानुक्रमको सम्बन्ध अन्तराष्ट्रिय श्रम विभाजनसित पनि छ । उनको विश्वास छ कि यदि हामीले भौतिकवादी दृष्टिले महिला र पुरूष र उनीहरूको इतिहास जान्न चाहन्छौं भने पहिले यस कुराको विश्लेषण गर्नुपर्छ कि ती दुवैको प्रकृतिसित कस्तो सम्पर्क र तालमेल रहिआएको छ तथा उक्त सम्पर्कको प्रक्रियामा उनीहरूको आ–आफ्ना मानवीय र सामाजिक स्वभाव कस्तो किसिमले रंहदै आएको छ । उनी एङ्गल्ससित सहमत छैनन् । तिनी भन्छिन् "यदि हामीले एङ्गल्सको विश्लेषण मान्यौ भने, महिलाहरूको प्रकृतिसितको सम्बन्ध पनि विकास क्रमकै एक अङ्ग भनेर मान्नुपर्ने हुन्छ । यही निष्कर्ष निकाल्नु पर्ने हुन्छ कि अहिलेसम्म महिलाहरूले इतिहासमा प्रवेश गरेकै छैनन् (पुरूषहरूद्धारा परिभाषित) र आधारभूत रूपमा अहिले पनि पशु युगकै हिस्सा हुन् । एङ्गल्सको लागि त इतिहासको शुरूवात तथाकथित सभ्यताबाट हुन्छ जहाँ पुरूषहरूद्धारा महिलाहरूको र पुरूषद्वारा पुरूषको शोषण हुन्छ ।"

मीसको भनाइअनुसार पुरूषको पुरूषत्व र महिलाको नारीत्व जैविकतामा आधारित छैन । यो एक लामो ऐतिहासिक प्रक्रियाको नतिजा हो । प्रत्येक ऐतिहासिक युगमा पुरूषत्व र नारीत्वलाई अलग अलग ढंगले परिभाषित गरियो र यो परिभाषा त्यस युगको उत्पादनको विशेष तरिकामा निर्भर हुन्थ्यो । यसको मतलब यही हुन आउँछ जुन विशेष समयमा मानिसले आफ्ना जरूरत पूरा गर्न जुन किसिमले प्राकृतिक साधनश्रोतको प्रयोग गऱ्यो त्यसैको आधारमा पुरूष र महिलाबीच रहेको जैविक फरकको ब्याख्या गरेर त्यही फरकको महत्व पनि निश्चित गरियो । यही कारण महिलाहरु र पुरूषहरूको आफ्नो शरीरसँगको सम्बन्ध पनि गुणात्मक रूपले अलग अलग छ । यसै मातृप्रभावात्मक (Matristic) समाजमा नारीत्वको गुणलाई सबै प्रकारको उत्पादनको श्रोतको रूपमा हेरियो । उनैलाई सारा ब्रम्हाण्डमा जीवनको

मुख्य सक्रिय सिद्धान्तको रूपमा स्वीकारियो । सबै महिलाहरूलाई 'आमा'को रूपमा परिभाषित गरियो । तर त्यति बेला 'आमा'को अर्थ भिन्न थियो । जब कि पूँजिवादी समाजमा सबै महिलाहरूलाई घरेलु पत्नीको रूपमा हेरिन्छ (पुरूषलाई कमाउने मुखिया) तथा मातृत्व पनि महिलाको घरेलु पत्नीको रूपकै एक भाग मानिन्छ । मातृप्रभावात्मक युगको नारीत्व र आधुनिक युगको नारीत्वमा यही फरक छ कि आज महिलाको गतिशील, रचनात्मक उत्पादक (मानव) गुण तिनबाट छिनिएको छ । मीस भन्नुहुन्छ – महिलाहरूद्वारा नयाँ जीवनलाई जन्म दिनु र त्यसलाई जीवन्त राख्नको लागि साधन उत्पादन गर्नु यी दुवै कुरा आपसमा अभिन्न रूपमै गाँसिएको छ । यो तथ्य हो महिलाहरूले नै बच्चालाई जन्म दिन्छन् । उक्त बच्चा जीवित राख्नको लागि दूध खुवाउँछन् । यसैले तिनीहरू नै दैनिक भोजन र पालनपोषणको व्यवस्था गर्ने हुन् । त्यो भोजन चाहे यताउतिबाट जम्मा गरिएको होस् वा खेतीपातीबाट उत्पादन गरिएको होस् ।

मीसको अर्को तर्क छ कि पुरूषले आफ्नो शरीर मार्फत उत्पादकत्वलाई त्यसरी नै महशुस गर्न सक्दैनन् जसरी महिलाले गर्न सक्छन् । किनकि उनको प्रकृतिसितको सम्बन्ध पनि महिलाहरूको तुलनामा गुणात्मक रूपले फरक हुन्छ । पुरूषहरू औजारहरूमाथि आफ्नो नियन्त्रण मार्फत आफैलाई मानव या उत्पादकको रूपमा हेर्छन् र हेर्न सक्छन् । "औजारको उपस्थिति विना पुरूष मानव हैन ।"

सरल शब्दमा भन्ने हो भने महिला र प्रकृति दुबै आफ्नो शरीरबाट नयाँ जीवन उत्पादन गर्दछन् र त्यसलाई पाल्दछन् । यसैकारण यिनीहरूको आपसी सम्बन्ध पनि पाल्नु र स्याहार्नुको हुन्छ । पुरूषले आफ्नो शरीरबाट उत्पादन गर्न नसक्ने भएकैले प्रकृतिसित उनको सम्बन्ध महिलाको जस्तो बन्न सकेन । पुरूषले उत्पादन खाली आफ्नो औजारको प्रयोगद्वारा गर्दछ । उसको उत्पादकत्व आफैसित हुदैन्, हातहतियारमा निर्भर हुन्छ ।

पुरूषको उत्पादकत्व महिला उत्पादकत्वमा निर्भर गर्छ । यसको भौतिक पक्ष यही हो कि महिलाहरू संधै नै महिला र पुरूषलाई जन्म दिनेको रूपमा अथवा तिनको उत्पादकको रूपमा संधै रहने छन् । महिलाहरूको उत्पादकत्व बिना

उत्पादनको अरू सबै तरिकाहरु बेकार हुन्छ । मीसको भनाईअनुसार यदि महिलाहरु नै जीवनको सामाजिक उत्पादन र उत्पादनको साधनको पहिला जन्मदाता थिए् र उनीहरूले नै सामाजिक सम्बन्धको शुरूवात गरेका भए लिङ्गहरूको बीच उँचनीच र शोषणमा आधारित सम्बन्ध बन्नबाट किन रोक्न सकेनन् ? यसको जवाफमा तिनी भन्छिन् – पुरूषहरूको प्रभुत्वको कारण अर्थव्यवस्थामा तिनको धेरै योगदान हुनु हैन, यो पुरूषद्वारा तोडफोड गर्ने औजार बनाउनु र त्यसमा नियन्त्रण गर्नुको परिणाम हो । यही औजारको कारण उसले महिलालाई, प्रकृतिलाई तथा अरू पुरूषहरूलाई पनि आफ्नो अधिनमा राख्दछ । मीस भन्छिन् महिलाहरूले उत्पादनको औजार बनाए, जबकि पुरूषले तीर धनु र भाला अर्थात बिनाशको औजार । तिनको तर्क छ शिकारको महत्व उसको आर्थिक उत्पादनमात्र हैन, त्यसको माध्यमबाट प्रकृतिसितको कस्तो सम्बन्ध बन्दछ त्यो जान्न जरूरी छ । मीस भन्नुहुन्छ कि पुरूष र प्रकृति, पुरूष र महिला तथा पुरूष पुरूषबीच आपसमा शोषणकारी दबाबको सम्बन्ध बनाउनमा केवल शिकारको प्रविधि मात्र जिम्मेवार छैन । शिकारमै जीवित रहने वर्तमान समाजको अध्ययनको आधारमा तिनी भन्छिन् – जुन जनावरलाई मारिन्छ उसको साथ शिकारीको आक्रामक सम्बन्ध रहेको पाइएन । उदाहरणको लागि पिग्मी जनजातिका व्यक्तिहरु निकै शान्तिप्रिय देखिन्छन् । उनीहरु नत युद्ध गर्दछन्, न लगाई झगडा र न जादु टुना जान्दछन् । उनीहरूको शिकारको अभियान पनि आक्रमक ढङ्गको हुँदैन र मारिने जनावरप्रति पनि दयाभाव राख्छन् । तिनको भनाइ छ कि जबसम्म शिकारीहरूको गतिविधि केबल खानको लागि शिकार गर्नु र भोजन जम्मा गर्नुमा मात्र सीमित रह्यो, उनीहरूलाई उत्पादनको यस तरिकाद्वारा शोषण पनि गर्न सकिन्छ भन्ने कुरा थाहा नै थिएन । चरूवायुगमा सबभन्दा पहिले महिला र पुरूषबीच पितृसत्तात्मक सम्बन्ध कायम भयो । पुरूषहरूको हतियारहरूमाथि एकाधिकार कायम भयो । नयाँ जीवनको शुरूवात अर्थात बच्चाहरु जन्माउनमा उनलाई आफ्नो भूमिकाको ज्ञान भैसकेको थियो । यहीकारणले गर्दा पुरूषको प्रकृति तथा महिलासितको सम्बन्ध बद्लियो र लिङ्गको आधारमा कामको बाँडफाँड भयो ।

"आदिवासी चरूवाहरूलाई भोजनको सामग्री जुटाउनेको रूपमा महिलाहरूको त्यत्तिको महत्व रहेन जतिको शिकारीहरूलाई रह्यो । महिलाहरूको आवश्यकता



केवल बच्चा जन्माउनको लागि सीमित भएको देखियो, खासगरी छोरा जन्माउनको लागि । त्यसरी तिनको उत्पादकत्व घटेर केवाल "प्रजनन्" सम्म मात्र सीमित रह्यो र त्यसमा पनि पुरूषहरूले नियन्त्रण गर । यस तथ्यबाट तिनी यही निष्कर्ष निकाल्छिन् कि– आदिवासी चरूवाहरु नै सबै किसिमका दमनपूर्ण सम्बन्धको जन्मदाता थिए । खासगरी महिलाहरूमाथि पुरूषहरूको दवावको निष्कर्षको रूपमा हामी महिला र पुरूषबीच श्रमको असमान बाँडफाँडको लागि उत्पादनको तरिकामाथि पुरूषहरूको नियन्त्रणलाई नै जिम्मेवार भन्न सक्छौं । यस नियन्त्रणको आधार नै हतियारमाथि उनको एकाधिकार र त्यसबाट हिंसाको प्रयोग थियो । यही कारणले सँधैको लागि दुबै लिङ्गबीच दमन र शोषणको सम्बन्ध बन्न पुग्यो र आजसम्म त्यही कायम रह्यो ।

मारीया मीस अगाडि भन्नुहुन्छ लिङ्गहरूको बीच श्रमको असमान बाँडफाँड हिंसाको मद्दतद्वारा शुरू भएको थियो । फेरि परिवार र सरकार जस्तो संस्थाहरूले एउटा बलियो विचारधाराको मद्दतद्वारा त्यसलाई कायम राखे । पितृसत्तात्मक धर्मले यसमा खास भूमिका निर्वाह गरे, जसको मान्यता थियो महिला पनि प्रकृति कै एक हिस्सा हो र तिनमाथि पुरूषको दवाव र नियन्त्रण हुनु जरूरी छ ।

सारांशमा भन्ने हो भने पुरा इतिहासकै सिलसिलामा श्रमको पदानुक्रममा आधारित र असमान बाँडफाँडको जति किसिमको रूप विकसित भयो तथा आज सारा दुनियाँमा श्रमको असमान बाँडफाँडको पूँजीवादी व्यवस्था फैलिएको छ, यी सबै त्यही लुटमार गर्ने आदि शिकारी/लडाकुहरूको सामाजिक नमूनामा आधारित छ, जो आफै केही उत्पादन नगरिकन खाली हतिरयारको मद्दतले अरू उत्पादकहरु, उनीहरूको उत्पादन शक्ति र उत्पादित वस्तुहरूमा आफ्नो हक जमाउन सक्दछन् । एक अर्को महिलावादी अध्येता जसको लेखनबाट पितृसत्तालाई बुझ्नमा निकै मद्दत मिल्यो, तिनी हुन् गर्डा लर्नर । वास्तवमा

तिनी पितृसत्ताको स्थापनाको लागि कुनै एक कारण वा इतिहासको कुनै एक कालखण्डलाई जिम्मेवार ठहराउने सिद्धान्तको विरोध गर्छिन् । तिनको तर्क छ, हामी पुरूष प्रभुत्वलाई आज जुन रूपमा देख्छौं त्यसको स्थापनाको लागि कुनै एक घटना नभएर करिब २५०० वर्ष (३१०० ईसा पूर्वदेखि लिएर ६०० ईसा पूर्वसम्म) को प्रक्रिया, परिस्थिति र शक्तिहरु नै जिम्मेवार छन् ।[२५]

गर्दा लर्नर पितृसत्ताको विरूद्ध र असमानताको लागि महिला हकको संघर्षको संदर्भमा महिलाहरूको इतिहासको महत्वमाथि जोड दिन्छिन् । तिनले पितृसत्ताको आरम्भबारे आफ्नो खोज कार्य यही विश्वाससहित गरिन् कि यो व्यवस्थाको स्वरूपमा ऐतिहासिक तथ्य निहित छ र इतिहासमै यसको प्रारम्भ भएको हो । यदि यस्तो हो भने ऐतिहासिक प्रक्रियाबाटै यसको अन्त पनि हुनसक्छ । तिनले उक्त ऐतिहासिक प्रक्रियालाई बुझ्ने कोशिस गरिन् जुन प्रक्रिया अन्तर्गत पितृसत्ता एउटा व्यवस्थाको रूपमा स्थापित भयो र संस्थागत बन्न पुग्यो । तिनले यस सम्बन्धमा निम्नानुसार प्रस्ताव राखेकी छन् -

(१) महिलाहरूको यौनिक र प्रजनन् शक्तिमाथि पुरूषद्वारा कब्जा गर्नु र त्यसलाई वस्तुको रूप दिनु नै व्यक्तिगत सम्पत्तिको आधार हो । महिलामाथिको यो कब्जा व्यक्तिगत सम्पत्ति र वर्ग समाजको गठन हुनु भन्दा पहिले नै गरिएको थियो ।

(२) पुरातन राज्यसत्ताको गठन पनि पितृसत्ताकै रूपमा र त्यसकै वरिपरि भएको थियो । त्यसैले पितृसत्तात्मक परिवार कायम राख्नमा राज्यसत्ताको विशेष रूची रह्यो ।

३) आफ्नो समूहको महिलाहरूलाई दबाउने अनुभवले नै पुरूषले अरू समूहहरूलाई दबाउन सके तथा समाजमा पदानुक्रम कायम राख्न सके । यसप्रकार तिनी भन्छिन्, पराजित समूहहरूको महिलाहरूको दासतासँगसँगै दासप्रथालाई संस्थागत रूप दिइयो । सबभन्दा प्राचीन कानुन अन्तर्गत महिलाहरूको यौनिक अधिनताको रचना गरियो र ती कानुनलाई राज्यले पूरा शक्तिद्वारा लागू गऱ्यो । यस व्यवस्थामा महिलाहरूको सहयोग प्राप्त गर्न कैयौं तरिका अपनाइयो । जस्तो कि जबर्जस्ती, घरको मुली पुरूषमाथि महिलाहरूको आर्थिक निर्भरता, उच्च

वर्गमा निर्भरता तथा यस व्यवस्थालाई मान्ने महिलाहरूलाई सुविधाहरु प्रदान गरिनु र महिलाहरूबीच इज्जत र बेइज्जतको झूठो बिभेद उत्पन्न गरी उनीहरूलाई अलग गर्नु ।

४) उत्पादनको साधनहरूसित उनको कस्तो सम्बन्ध छ त्यो हेरी पुरूषहरूको वर्ग निश्चित हुन्छ र आज पनि भैरहेको छ । साधनयुक्त मालिकले साधनहीन व्यक्तिहरूलाई दमन गर्न सक्छ । महिलाहरूको वर्ग कुनै पुरूषसितको सम्बन्धको आधारमा निश्चित हुन्छ जसले तिनलाई भौतिक साधनको उपभोग गराउँदछ । महिलाहरूको आफ्नै कुनै वर्ग हुँदैन ।

(५) निकै लामो समयदेखि यौनिक र आर्थिकरूपले पुरूषहरूको अधिनमा रहे पनि आज महिलाहरु पूंजेनीहरु, पंडित्नीहरु र ब्राम्हणीहरूको रूपमा व्यक्ति र भगवानको बीचको कडीको भूमिका निभाइ रहेका छन् । यसबाट पुरातनकालमा देवी पूजाको धारणाको स्पष्टीकरण मिल्दछ ।

(६) बलिया, साम्राज्यवादी राज्यहरु स्थापित भएपछि धेरैजसो निकट पूर्वी समाजहरूमा शक्तिशाली देवीहरूलाई पूजास्थलबाट हटाएर तिनको ठाउँमा दमन गर्ने पुरूष देवताहरूलाई स्थापित गरियो ।

(७) यहूदीहरूले एउटा ईश्वरको उपासना शुरू गरेपछि त्यसबेला प्रचलित प्रजनन्सित सम्बन्धित अनेक देवीहरूको सम्प्रदायहरूमाथि हमला गर्न लागे ।

(८) देबी शक्तिको सर्न्दभमा वास्तविक र सांकेतिक रूपमा महिलाहरूको महत्व कम हुनु नै पश्चिमी सभ्यताको जग बस्नुको लक्षण थियो । दोश्रो लक्षण अरस्तुको दर्शन थियो । जस अनुसार महिलाहरु अधुरो र क्षतिग्रस्त व्यक्ति हुन् । जो पुरूषभन्दा अलग किसिमको हुन्छ । पश्चिमी सभ्यताको सारा प्रतिकात्मकताको जरामा यी दुई लक्षणहरु पूर्णरूपमा समाविष्ट भएको छ । त्यसैले महिलाहरूको अधिनता यति स्वाभाविक ठानिन्छ कि व्यक्तिहरूको दृष्टिमा यो पर्दै पर्दैन ।[२६]

## दक्षिण एशियामा पितृसत्ताको स्वरूप र यसको आरम्भ बारे के जानकारी छ ?

भारतमा पितृसत्ता र त्यससित गाँसिएका मुद्दाहरु जेण्डर, जाति र वर्गलाई ध्यानमा राखी पितृसत्ताको शुरूवात बारे बुझ्न केही कोशिस गरियो । भारतमा पितृसत्ताको ढाँचाको विश्लेषण गर्दै उमा चक्रवर्तीको भनाइ छ कि ब्राम्हण सामाजिक व्यवस्था जाति र जेण्डर पदानुक्रम या उँचनीचको आदर्श अनुसार संगठित थियो । तर त्यो व्यवस्था सधैं एक समानको नरही निकै लामो समयदेखि विस्तार विस्तार विकास भएको हो ।[२७] प्राचीन भारतीय इतिहासको अध्ययनको आधारमा उमा भन्छिन् प्राग ऐतिहासिक (Pre-historic) कालमा महिलाहरूलाई उत्पादन र प्रजनन् कार्यमा अत्यन्त महत्वपूर्ण मानिन्थ्यो । शिकारी र भोजन एकत्रितको दौरानमा लिङ्गमा आधारित श्रमको बाँडफाँड गरिएको थिएन (यस सन्दर्भमा तिनको विश्लेषण पूर्व चर्चित गर्दा लर्नरको विश्लेषणसित निकै मिल्दछ) ।

उमा चक्रवर्ती भन्छिन्, यस्तो लाग्छ कि मध्य पाषाणयुगको मध्य भारतमा महिलाहरु भोजन जम्मा गर्नुको अलावा (जुन कि गरम देशमा भोजनको मुख्य स्रोत थियो) शिकारमा पनि भाग लिन्थ । विभिन्न इतिहासकारहरूबाट मध्यभारतमा प्राप्त भएको गुफा चित्रहरूको अध्ययनको आधारमा तिनी भन्छिन् शिकारी/भोजन एकत्रित आर्थिक व्यवस्थामा महिलाहरूको महत्वको एक अर्को पनि कारण थियो, त्यो हो महिलाहरूको प्रजनन् भूमिकाप्रति आदर भाव । ती समाजमा महिलाहरूको यौनिकतालाई कुनै खतरा सम्झिएको थिएन । त्यसैले त्यसमाथि कुनै नियन्त्रणको आवश्यकता थिएन । अझ यसको विपरित महिलाहरूको प्रजनन् शक्तिमाथि नै समुदायको जीवनधारा निर्भर थियो । यसकारण त्यसलाई निकै महत्व दिइएको थियो । तिनी भन्छिन्, यही कारणले मातृत्व र प्रजनन्मा निहित महिला शक्तिको पूजा हुन्थ्यो । तर आर्यहरूले भारतको ठूलो भू-भागमाथि कब्जा गरेपछि यहाँको मूल निवासीहरूलाई (जसलाई उनीहरु वंशको आधारमा आफूभन्दा हीन सम्झन्थे) आफ्नो अधिनमा लिएपछि वर्गको आधारमा बाँडिएको समाजको विकास भयो । विस्तार विस्तार महिला शक्तिको पूजाको ठाउँ पितृसत्तात्मक विचारधाराले लियो । आफ्नो अधिन आएका जातिको धेरै व्यक्तिलाई आर्यहरूले मारिदिए र महिलाहरूलाई

दास बनाए । उमा चक्रवर्तिको भनाइअनुसार भारतको भूमिमा दास बनाइएको पहिलो समूह महिलाहरू नै थियो (गर्डा लर्नरको निष्कर्ष पनि यही हो) ।



जहाँसम्म आर्य महिलाहरूको कुरा छ पितृसत्तात्मक परिवारले उनीहरूमाथि धेरै नै नियन्त्रण राखेको थियो । यद्यपि चरूवा अर्थव्यवस्थामा महिलाहरूको सक्रिय उत्पादक भूमिकाको निकै महत्व थियो । समय वित्दै गएपछि विस्तार विस्तार खेती जन्य अर्थव्यवस्थाको विकास भयो । ६०० वर्ष ईसा पूर्वसम्म वर्ग तथा जाति व्यवस्थाको भिन्नता शुरू भइसकेको थिया । ब्राम्हणहरू एउटा ठूलो शक्तिको रूपमा माथि आइसकेको थिए र पितृसत्ताको जरो बलियो भइसकेको थियो । महिलाहरूमाथि पुरूषहरूद्धारा नियन्त्रण राख्ने कोशिस तथा त्यस प्रक्रियाबाट उत्पन्न हुने तनावको झलक ऋग्वेदमा पाइन्छ । जसमा प्रायः देवीहरू र देवताहरूको बीच लडाई तथा शत्रुताको सम्बन्ध देखाइएको छ । कुनै कुनै उदाहरणहरूमा महिलाहरूलाई शक्तिशाली बन्न दिनु हुन्न भन्ने सुझाब पनि दिइएको छ, जसबाट तिनीहरू कमजोर रहुन्, पुरूषहरूको पछि लागुन् र उनीहरूको आज्ञा मानुन् । त्यहीबेला जुन कबीलाहरूलाई हराएर दास बनाइन्थ्यो, उनको श्रमको प्रयोग कृषि उत्पादनको लागि हुन थाल्या । यसको परिणामस्वरूप आर्य महिलाहरू (विजेता कबीलाका महिलाहरू) को कार्यक्षेत्र घर गृहस्थी मात्र बनाइयो र उनीहरू आर्थिक उत्पादनसित सोझै सम्बन्धित भएनन् ।

**एङ्गल्स**को जस्तै उमाको पनि यही मान्यता छ कि व्यक्तिगत सम्पत्तिको स्थापना र त्यसको लागि जाति पवित्रताको आवश्यकताको कारणले महिलाहरूलाई अधिनमा राख्न आबश्यक भयो र तिनको गतिशिलताको स्वतन्त्रता र यौनिकतामाथि पुरूषहरूको नियन्त्रण रह्यो । नियन्त्रणको तरीका तीन अलग स्तरमा तीन किसिमले कार्यान्वयन गरिया । पहिलो थियो विचारधारा, जसलाई महिलाहरूले पतिब्रता (पत्नीको इमान्दारी)को रूपमा आफ्नो मन र विचारमा

बसाए । "यसै सिलसिलामा स्वयं महिलाहरु नै यौन पवित्रता र पत्नीको रूपमा इमान्दारीलाई सबभन्दा उच्च आदर्श तथा नारीत्वको सर्वोच्च नमूना मान्दथे । यसरी स्वयं महिलाहरूले यो आफूमाथि लागू गरे अनि उँचनीचमा आधारित असमानतापूर्ण सामाजिक व्यवस्था चल्दै गयो । यस अपराधमा स्वयं तिनीहरु कै सहभागिताको कारण महिलाहरु तल्लो स्तरमा झरेकोमा आवाज उठाउने कोही भएन । यसप्रकार एउटा धारणाको रूपमा पितृसत्ता यतिको बलियोसँग व्यवस्थित भयो कि यो स्वाभाविक जस्तो लाग्यो ।" दोस्रो थियो, पितृसत्तात्मक नियन्त्रण अन्तर्गत बिग्रेका महिलाहरूलाई काबुमा राख्नको लागि ब्राम्हण समाजद्वारा बनाइएको रितीरिबाज र कानुन । तेस्रो थियो, शासनतन्त्र यदि कुनै महिलालाई पुरुषले जवरजस्ती गरेर पनि आफ्नो काबुमा ल्याउन असफल भयो भने त्यस अवस्थामा पौराणिक शासनतन्त्र (जसको परिभाषा पुरुषहरूले नै गरेका थिए) अनुसार काबुमा ल्याउन नसकिएको महिलालाई पापी ठहऱ्याइ पितृसत्तात्मक कानुन लागू गरिन्थ्यो । अन्तमा प्रारम्भिक शासनतन्त्रको मद्दतद्वारा नैं पितृत्सत्ता, केवल विचारधाराको स्तरमा मात्र हैन, व्यवहारिक जीवनमा पनि बलियोसँग गाडियो ।

**उमा चक्रवर्ती** यो कुरा मान्छिन् कि अलग अलग वर्ग, जातिहरु र क्षेत्रहरूका महिलाहरूको लागि बनाइएको नियम कानुनहरु फरक तथा कहीलेकाँहि परस्पर विरोधाभाषपूर्ण हुन्छन् । तर तिनी विश्वास गर्छिन् कि सामान्यरूपमा जाति र वर्ग विभाजित ब्राम्हणीय समाजमा महिलाहरूलाई आमाको रूपमा त्यो महत्व र शक्ति प्राप्त भएन जुन कि पहिले पहिले प्राप्त हुन्थ्यो । अब त्यो महत्व र शक्ति पतिब्रता महिलामा स्थापित गरियो । यसरी पत्नीको रूपमा इमान्दारी र यौन पवित्रता नै तिनको जीवनको मुख्य आदर्श बन्न पुगे । भारतीय महिलाको पहिचानको स्वरूप बताउने पौराणिक कथाहरूमा तिनको मातृत्वको सट्टा पत्नीको रूपमै खास जोड दिइएको देखियो । यसप्रकार आदर्श पत्नी चरित्रको कारण महिलाको यौनिकतालाई जायज सीमाभित्र बाँधियो ।

चक्रवर्तीको भनाइअनुसार आजको भारतीय हिन्दूसमाजमा यो दोधारे सोचाई छँदैछ (वर्ग विभाजनभन्दा पहिलेको महिला र पछिको महिलारूपको बीच) आज पनि महिला, पुरुष जन्म दिने शक्तिको पूजा गर्नुको साथसाथै महिलाहरूको इमान्दारी र आफूमा नियन्त्रण राख्ने विचार दुबैलाई मान्दछन् ।

गर्डा लर्नरले जस्तो उमा चक्रवर्तीले पनि यो कुरा मान्दछिन् कि पितृसत्ता शुभचिंतक पिताभाव राख्ने (Paternalistic) एउटा यस्तो व्यवस्था हो जसमा जो महिलाहरूले भनेको कुरा मान्छन्, तिनीहरूलाई केही सुविधाहरु, अधिकार र सुरक्षा प्रदान गरिन्छ । यसरी पितृत्ववादले एकातिर महिलाहरूको दमनलाई अदृश्य पार्‍यो र अर्कोतर्फ यो निश्चित गर्‍यो कि यस व्यवस्थालाई महिलाहरूको सहयोग प्राप्त भइरहोस् ।

यसरी महिलाहरूको मानसिकतामा आफ्नो कमजोरीको भावना निहित भएकोले उनीहरूले सबै ठाउँमा आफ्नै अधिनताको प्रक्रियामा भाग लिए । अझ भारतमा त सामाजिकीकरणको फलस्वरूप महिलाहरूले आफ्नो पवित्रता र ईमान्दारीताबाटै आफूभित्र शक्तिको सिर्जना गर्न सकिन्छ भन्ने विश्वास गरे । त्यागकै फलस्वरूप शक्ति र महानता दुबै प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्न थाले । अर्थात यो लोक परलोक दुबै सुधार्न सकिन्छ भन्ने मान्यता कायम गरी आफ्नो गिरेको स्थिति र कमजोरीमै शक्तिको रचना गरे । अतिनै काल्पनिक र समृद्ध पौराणिक साहित्यको माध्यमद्वारा महिलाहरूलाई यो विचारधाराको अफिम खुवाई दिए कि तिनीहरूलाई आफ्नो असल शक्ति त्याग कै भावनामा निहित छ र सांसारिक शक्ति अथवा त्यसको साधनहरूको त्याग गरेरै आध्यात्मिक शक्ति प्राप्त गर्न सकिन्छ भनेर बोध गराइयो । पौराणिक कथाहरूमा साँस्कृतिक आदर्शकै माध्यमद्वारा महिलाहरूले आफूहरु केही अलग हौं, विशेष शक्तिशाली हौं, आध्यात्मिक रूपमा उच्चस्तरमा छौं तथा तिनीहरूको यो शक्तिले (सतित्व, पतिव्रत आदि) पतिहरूलाई ठूलो भन्दा ठूला आपदबाट बचाउन सकिन्छ, यहाँसम्म कि उनीहरूको पापलाई नाश गर्न सकिन्छ भन्ने कुरा विश्वास गरे । पितृत्वभाव र पुराणहरूमा महिलाहरूको यस आदर्शले अधिनताको सत्य तथ्यलाई करीब करीब गोप्य राखियो । यस किसिमले महिलाहरूलाई यो व्यवस्थालाई सहयोग गर्न सजिलो भयो र आफ्नो कमजोरी, शोषण उत्पीडनलाई सहन पनि सजिलो भयो । यस्तो विचारधारा तिनीहरूको लागि सुनौलो साङ्लो बन्न गयो ।

दुई दशकदेखि भारतमा रहेर काम गर्ने एउटी अर्की महिलावादी र सामाजिक सक्रियतावादी गेल आँमवेटले पितृसत्ताको शुरूवातको सम्बन्धमा केही भारतीय र पश्चिमी धारणाहरूको अध्ययन गरिन् र निष्कर्ष निम्नानुसार प्रस्तुत गरिन् :

(१) सबैभन्दा प्राचीन मानव समाज पूरा प्रस्तरयुग या त्योभन्दा पहिले मातृ केन्द्रित समूह थियो अथवा लैङ्गिक विहीन फिरन्ते समाज थियो ।

(२) शासनतन्त्र गठन हुनुभन्दा पहिलेको कौटुम्बिक समाजमा धेरै समानता थियो । शास्त्रतन्त्रको स्थापना पछि र पितृसत्ताको प्रभाव परे पनि पारिवारिक सम्बन्ध, नाताको कारण महिलाहरूमा धेरै शक्ति र स्वतन्त्र सत्ता थियो ।

(३) शासन तथा वर्गीय समाज (State-class Societies) को स्थापना भएपछि आर्थिक असमानता, सैनिकीकरण, धार्मिक भिन्नता आदिले गर्दा महिलाहरूमाथि पूरा नियन्त्रण स्थापित हुनगयो । जसलाई महिलावादी सिद्धान्तकर्ताले "पितृसत्ता" भनेर नाम राखे अर्थात महिलाको प्रजनन् शक्ति, यौनिकता र श्रममाथि पुरूषको पूर्ण नियन्त्रण ।

गर्डा लर्नर र उमा चक्रवर्ती जस्तै गेल ऑंमवेटले पनि यस कुरालाई मान्दछिन् कि पितृसत्ताको स्थापनाको लागि आर्थिक सहयोग, हिंसा र जोरजबरजस्तीको भूमिका तथा विचारधारा जस्ता कैयौं तथ्यहरु जिम्मेवार थिए । आफ्नो निष्कर्षमा गेल भविष्यप्रति आशावादी छिन् र भन्दछिन् कि "सिमान द ब्यूवाँ"को भनाइ अनुसार समाज पुरूष हो भन्नु ठीक छैन । शासनको शक्ति र वर्ग शोषणको कारण पुरूष हुनसक्छ, परन्तु शासनविहीन, वर्गविहीन, सामाजिक लिंङ्गविहीन समाज संभव छ, यस्तो व्यवस्था पहिले पनि थियो र पछि पनि हुनेछ । अहिलेसम्म यो स्पष्ट भैसकेको छ कि पितृसत्ताको आरम्भ बारे कुनै एक यस्तो सिद्धान्त छैन जुन सबै समाज र संस्कृतिमा एकनासले लागू हुन्छ वा मानिन्छ । वास्तवमा गेल ऑंमवेट भन्छिन् कि "पितृसत्ताको धारणा अनुभवको आधारमा स्थापित गरिन्छ । वास्तवमा हामीलाई यो भनिदैन कि व्यवस्थाको रूपमा पितृसत्ताको आत्मा के हो ? यो कसरी चल्दछ ? यसले कसरी उत्पादनको साधनहरु र त्यसको तरिकासित मेल खान्छ ? के यौनिकता या प्रजनन् या श्रम साह्रै महत्वपूर्ण छ ? आदि विषयहरूमा महिलावादी सैद्धान्तिक बिचारहरु बीच एक आपसमा एक मत छैन ।"[२८]

**पितृसत्ताबारे यत्तिको पढेपछि यसबारे केही गर्नु असम्भव हुने कि भन्ने महसुस हुन्छ। जुन ढाँचाको जरा यति गहिरो छ र जिन्दगीको सबैतिर फैलिएको छ, त्यसलाई काट्न कसरी शुरू गर्ने र कसरी त्यसबाट छुटकारा पाउने ?**



पितृसत्ताको फैलावट तथा गहिराइ देखाउनुको मतलब तपाईलाई तर्साउनु या निराशा उत्पन्न गराउने मेरो उद्देश्य हैन । तर जुन कुरादेखि हामी खुशी छैनौं त्यसको हरेक रूप रङ्गलाई बुझ्नु आबश्यक छ । जस्तो मैले पहिले पनि भनिसकें मेरो यो मान्यता छ कि कुनै पनि ढाँचा या स्थितिको ठीकसित जाँच गर्नाले, त्यसलाई विना त्रासले हेर्नाले त्यस स्थितिको त्रास कम भएर जान्छ । फेरि त्यसको विकराल रूप त्यति डरलाग्दो देखिन्न । त्यसलाई अलि टाढाबाट हेर्दा त्यसको विकटता अथवा विकरालरूप नदेखिन सक्छ । अतः हाम्रो वरिपरि र हामीमा जुन पितृसत्ताले घर जमाएर बसेको छ त्यसको लागि पितृसत्ताको सुक्ष्म जटिलता बुझ्न जरूरी छ । त्यसकारण यो भयावह स्थिति बिश्लेषण गरिएको मात्र हो ।

अब रह्यो पितृसत्ताको विकराल रूपबाट उत्पन्न भएका निराशाको कुरा, यो त हाम्रो दृष्टिकोणमा निर्भर हुने कुरा हो । माओत्से तुङ्गले कुनै निकै ठूलो गोलमालको स्थिति आइपर्दा भन्ने गर्थे, "स्थिति धेरै राम्रो छ, किन भने पूरै भ्रम छ" । केही पनि सफा छैन, केही पनि ठीक छैन । यसैले स्थिति राम्रो छ, आशापूर्ण छ । स्थिति धेरै खराब भयो भने त्यसलाई ठीक गर्नु आवश्यक हुनजान्छ । यसलाई ठीक पार्न शायद धेरैले प्रयास गर्ने छन् र ठीक गर्ने तत्परता पनि आउन सक्छ । यदि अंधकार साह्रै बाक्लो छ भने

प्रकाशको आबश्यकता पनि ठूलै हुन्छ । तर थोरै प्रकाशले पनि अँध्यारोलाई चिर्न सक्छ ।

यदि पितृसत्ता एउटा ठूलो जाल हो, उसको एक पक्ष अर्कोसित जोडिएको छ भने त्यसलाई काट्न पनि सजिलो हुन्छ । त्यसलाई एक ठाउँमा काटियो भने दोस्रो गाँठो पनि कमजोर हुनजान्छ र पूरा जालमा प्रभाव पर्छ । तर यो सत्य हो कि पितृसत्ताको ढाँचा यति कम्जोर छैन कि हामीले कुनै सानोतिनो कदम उठाउदैमा त्यो समाप्त हुनेछ । त्यो तब समाप्त हुन्छ जब हरेक घरमा हलचल हुनेछ, जब प्रत्येक महिलाले यसलाई बोझ सम्झेर फ्याँक्न चाहन्छ । अहिले हामी यस्तो स्थितिमा कहाँ छौं, हामीलाई सफा दृष्टिकोण, धैर्यता र एकताको खाँचो छ ।

यात्रा लामो भएकोले रमाइलो हुनु आवश्यक छ । यस यात्रामा पनि गीत गाउनु जरूरी छ । यात्रालाई गन्तव्य स्थानको एक हिस्सा सम्झनु पर्छ । यसरी जिउनु र सम्बन्ध बनाउनु आबश्यक छ, जसबाट पितृसत्तात्मक रितीरिवाजहरु आफै हाम्रो वरिपरिबाट हराउदैं जाओस् । जहिले पनि हातमा झण्डा, मुखमा नारा, रिसाएको अनुहार बनाउन आबश्यक छैन । हामी यति गंभीर नबनौं कि मानवहरु हामीबाट वाक्क होउन् अथवा हामी आफूले जिन्दगीको आनन्द लिन नसकौं ।

सामाजिक ढाँचा चाहे पितृसत्ताको होस् या जाति तथा वर्गको होस्, यस विरूद्धको संघर्ष एउटा निरन्तर संघर्ष हो । हरेक ढाँचा केही समय पछि पुरानो भइजान्छ । यसमा कमजोरी आउन थाल्छ, त्यसलाई बदल्न आवश्यक हुन्छ । यस्तो हैन कि एक पटक साम्यवाद आयो भने सबै कुरा ठीक भएर जान्छ । एक पटक पितृसत्ता हटेर गए सधैं सुनौला दिन आउँछ । हामीले हाम्रो बच्चाहरूको लागि स्वर्ग बनाएर जानेछौं । छोरीहरूलाई हरेक समस्याबाट छुट्कारा दिलाएर जानेछौ । यदि यस्तो हुँदो हो त हाम्रा पूर्वजहरूले हाम्रो लागि हरेक कुरा ठीकठाक गरेर जान्थे होला । तर यस्तो हुँदैन, हरेक पुस्ताको आफ्नै संघर्ष हुन्छ । जीवन छ भने संघर्ष हुन्छ । यदि जीवन नै संघर्ष हो भने संघर्षलाई संकट सम्झनाले हामी आफैं संकटमा पर्नेछौं । लड्दै रहुँ तर सधैं हामी लड्दैछौं, दोष दिदैंछौ र प्रतिक्रिया गर्दैछौं भन्ने अनुभव

नहोस् । त्यसकारण निराशालाई छोडौं । आशा गरौं, आशा गऱ्यौं भने सबै कुरा हुनसक्छ र लामो भन्दा लामो यात्रा पनि टुङ्गिन्छ ।

## परिवारमा पितृसत्ताको जरा गहिरोसँग गाडिएको छ र परिवारमा पितृसत्ता व्याप्त छ यो त राम्ररी बुझ्यौं । तर के परिवारको संस्थालाई नतोडिकन पनि पितृसत्ताबाट मुक्त हुन सकिन्छ ?

यदि परिवारमा पितृसत्ता घुसिसकेको छ भने पितृसत्तामा निहित भएको असमानतालाई समाप्त गर्नुपर्छ, परिवारको संस्थालाई समाप्त गर्नु आवश्यक छैन । यदि मेरा शरीरमा मलेरियाको किटाणु प्रबेश गरेको छ भने मेरो शरीरलाई नै खत्तम गर्नुपर्छ र ? मलाई त मलेरियाको किटाणु नष्ट गरेर आफ्नो शरीरलाई अझ स्वस्थ बनाउनु छ ताकि फेरि उक्त किटाणुहरु शरीरमा पस्नै नसकोस् । त्यस्तै कुनै देशमा तानाशाह आयो जसले प्रजातन्त्रलाई समाप्त गरिदियो भने त्यस देशलाई नै टुक्राउनु आवश्यक छैन । तानाशाहीलाई खत्तम गर्नु आवश्यक छ । प्रजातन्त्रको जरालाई बलियो बनाउन जरूरी छ ताकि त्यस देशमा फेरि तानाशाहले घुस्ने हिम्मत गर्न नसकोस् ।

त्यसैले परिवारलाई तोड्ने हैन त्यसलाई बदल्नु छ, आमूल परिवर्तन ल्याउनु छ । परिवारभित्र जुन मालिक–नोकरको जस्तो सम्बन्ध छ, जहाँ जीवनसाथी पति, स्वामी, मालिक हुन्छ र घरको मुखिया हुन्छ यी सम्बन्ध र यसको पितृसत्तात्मक परिभाषालाई बदल्नुपर्छ । मालिकको सम्बन्धमा जुन सत्ता नीहित रहन्छ, व्यक्तिहरूलाई काबुमा राख्ने इच्छा हुन्छ, आफूभन्दा सानु र कमजोरमाथि हैकम चलाउने तत्परता हुन्छ यी सबैलाई बदल्नुपर्छ । सत्तासित सँधै हिंसा जोडिएको हुन्छ । सत्ता कायम राख्नलाई हिंसा जरूरी हुन्छ, चाहे त्यो मानसिक होस् या शारीरिक, प्रत्यक्ष होस् या अप्रत्यक्ष । परिवारमा प्रेमको स्थानमा हिंसा छ, बराबरीको ठाउँमा स्वामित्व छ, साहाराको ठाउँमा दवाब छ ।

परिवार अहंकारले भरिएको छ । वंशको नाउँमा व्यक्ति मरिमेटी लाग्छ, हत्या गर्छ, वंश यदि छोराबाट चल्छ भने छोरीहरूलाई हेला गरिन्छ, छोरालाई शीरमा

राखिन्छ । राजा छोरा, राजा बाबु, कुलको बत्ती आदि भनेर उनको स्वागत गरिन्छ । छोरा पाउनलाई औषधि उपचार, दान, ब्रत, यज्ञ आदि गरिन्छ । छोरा जन्माउने महिलाहरूको खोजी हुन्छ जबकि खोजि 'Y Chromosome' को ग्यारेण्टी दिनसक्ने पुरूषहरूको हुनुपर्थ्यो । नामको यो अहंकारबाट छुटकारा पाउन जरूरी छ किनकि नाम लिएर कोही जन्मदैन । नाम त सजिलोको लागि राखिन्छ । यो कुरा बुझ्नु जरूरी छ कि ठूला ठूला ब्यक्तिको नाम निशाना मेटियो, ठूला ठूला वंश खत्तम भएर गए । यसैले नामको लागि ठूलोसानो भेदभाव गर्नु आवश्यक छैन ।



यदि परिवारमा बराबरीको भावना ल्याउनु छ भने मूल्य मान्यताहरू बदल्नुको साथै सम्पत्ति, वंश, बच्चाहरू र मालिकको बारे नयाँ ढङ्गले सोच्नु पर्दछ । सम्पत्तिसित त ठूलै स्वार्थ गाँसिएको हुन्छ । छोराहरूको सम्पत्तिमाथि अधिकार हुन्छ तर छोरीहरूलाई त्यही अनुसारको अधिकार दिइन्न । यदि हामी पतिलाई घरको मालिक सम्झन्छौ भने उसका बच्चामाथि अधिकार हुनजान्छ तर पत्नीको दर्जा दोस्रो नै हुन्छ । महिलाहरूलाई देवी मानेर आमाको बारे गीत गाएर मात्रै बराबरीको व्यवहार हुने भएको भए कमसे कम भारतमा त उहिल्यै बराबरी आइसकेको हुन्थ्यो । बराबरको अर्थ हो बराबर अधिकार, बराबर जिम्मेवारी ।

आर्थिक आत्मनिर्भरता नआइकन महिलाहरूले बराबरीको स्थितिबारे सोच्नै सक्दैनन् । यदि ऊ आर्थिक रूपले पिता, पति वा छोरामाथि निर्भर छ भने उ दबिएर रहन्छे । सम्पत्तिको अधिकार महिलाहरूलाई हुनु आवश्यक छ । यदि आमा जननी हो भने बच्चाहरूमाथिको अधिकार पितालाई मात्र किन ? सामाजिक परिवर्तन भइरहन्छ, जस्तै : राजतन्त्र समाप्त भएर प्रजातन्त्र आयो, जातिवादलाई चुनौति दिइयो, महिलाहरूको अधिकारहरूबारे कुरा भयो । तिनीप्रति हुने ठूला अत्याचारहरू जस्तो सतीप्रथा, बहुविवाह, विधवा विवाहमा रोक, विधवाहरूमाथि गरिने अपमान आदिको बिरूद्ध आवाज उठेको छ ।

धेरैजसो यो आवाज पुरूष समाज सुधारकहरूले नै उठाएका छन् तर परिवारभित्र जुन असमानता छ त्यसलाई जहिले पनि वास्ता गरिएन । परिवारभित्र जे हुन्छ त्यसलाई घरायसी कुरा भनेर या परम्परा भनेर छोडिया । उनीहरूलाई शायद डर थियो कि परिवारमा यदि अशान्ति मच्चियो भने समाजको जग नै डामाडोल भएर जान्छ । हामी परिवारको गीत गाउँछौ, त्यसलाई समाजको जग भन्दछौ तर खोक्रो भैसकेको अवस्थालाई ढाक्छौं । परिवर्तित आर्थिक व्यवस्थाले परिवारको रूप नै फेरिसक्या । गएको पचास वर्षमा औद्योगिकरण, शहरीकरणले ठूलो परिवारको मान्यतालाई बदलिसक्यो । हामीले यी सबैलाई राम्ररी ध्यान दिएनौं । महिलाहरूको भूमिका बदलिसक्यो, उनीहरूबाट हामीले गर्ने अपेक्षाहरू पनि बदलिए । तर हामी आफै तिनीहरूबाट पहिलेको जस्तो अपेक्षा राख्छौं । परिवारबारे यदि हामीले गहिरिएर सोच्दैनौ र त्यसलाई समय अनुसार बदलेनौ भने परिवारमा द्वन्द्व बढ्नेछ । महिलावादीहरूलाई परिवार तोड्नमा जिम्मेवार ठहऱ्याएर मात्र केही हुने छैन । यो त सत्यताबाट मुख फर्काउनुजस्तो हुन्छ ।

केही परिवर्तन त परिवारमा आइरहेको छ । तर हामी त्यसलाई सम्झने कोशिस गर्दैनौ । हामी त्यसबाट डराएका छौं, भयभीत भएका छौं । किनभने हामी परिवारमा उथल पुथल चाहन्नौं । त्यहि एउटा ठाउँ बचेको छ जहाँ हामी बाहिरको अशान्तिबाट भागेर लुक्न सक्छौं । बाहिरको लडाई झगडाबाट फर्केर शान्ति पाउन सक्छौं । तर के परिवारमा शान्ति छ ? के महिलाहरूलाई पनि शान्ति छ ? के परिवार त्यो ठाउँ हैन जहाँ महिलाहरूमाथि अन्यायको साथै बढी भेदभाव गरिन्छ ? गाउँमा विकासको काम गर्ने एक युवती भन्छिन् दिनभर अपरिचितहरूसँग काम गरेर जब उनी घर फर्किन्छिन् तिनको मन त्यसै खुम्चिन्छ । कारण पतिले के भन्ने हुन्, सासूले के भन्ने हुन्, घरको नामैसित डरलाग्छ । यी सबै कुरा बुझ्न जरूरी छ । महिलावादीहरू सबैलाई आव्हान गर्दैछन्, प्रेरणा दिँदैछन्, चेतावनी दिँदैछन् कि यदि परिवारलाई बचाउँनु छ भने त्यसबारे सोच, मनन गर ।

आजभोलि महिलाहरू लेखपढ गर्न थाले । गरिब महिलाहरूले सधैं काम गरे, कमाई गर्दै आए । आजकाल मध्यमवर्गका महिलाहरूले पनि कमाउन थालेका छन् । कति महिलाहरूले त विवाह नै गर्दैनन् । लाखौं महिलाहरू अविवाहित

भएर एक्लैले आफ्नो परिवार चलाउँछन् । आज कतिपय महिलाहरूको आफ्नो सम्पत्ति छ । कैयौ विवाहित महिलाहरूले आफ्ना पतिको नाम अपनाउँदैनन्, उनीहरू आफ्नो पिताकै नाम प्रयोग गर्दैछन् । पारपाचुके लिइसकेका महिलाहरू आफ्नो बच्चा माथिको अधिकारको माग गर्दैछन् । यी सबै कुराले पितृसत्तात्मक परिवारलाई चुनौति दिँदैछन् । हाम्रा धेरै मान्यताहरू, परिभाषाहरूलाई चुनौति दिइरहेका छन् । यी चुनौतीहरू स्वीकार्नु मै भलाइ छ । पुरानो ढाँचालाई कहिलेसम्म बचाउँन सकिन्छ ? पुरानो परम्परालाई कति मात्र चलाउन सकिन्छ ? खासगरी त्यो अवस्थामा जहाँ सहयोगको सट्टा समस्याहरू आइरहन्छ । प्रत्येक नयाँ चीज उत्पादन गर्नको लागि पुरानो चीज तोड्नु पर्छ । सृष्टि गर्नको लागि दुःखकष्ट सहनु पर्छ । नयाँ बीऊ आफ्नो आवरण तोडेर नै प्रष्फुटन हुन्छ । बच्चा पनि प्रसव पीडाबाटै जन्मन्छ । थोत्रिसकेको पुराना ढर्राको पीडा सहनुभन्दा नयाँ परिवार बनाउनको लागि पीडा सहनु बेस हुन्छ । एउटा पीडा रोगको हो, सडेको गलेको, दोस्रो पीडा सृष्टिको । त्यसैले परिवारको ढाँचा तोड्नु हैन नयाँ परिवारको सृष्टि गर्नुपर्छ । नयाँ परिवार जुनसुकै किसिमको हुनसक्छ । विवाह र रगतको नातामा आधारित हुनु जरूरी छैन ।

## पितृसत्ताको विकल्पको रूपमा तपाईंको सामुन्ने कस्तो व्यवस्थाको स्वरूप छ त ?

जहिले जहिले हामी पितृसत्ताको विरूद्ध केही भन्छौं तब तब यही प्रश्न गरिन्छ यो एउटा महत्वपूर्ण प्रश्न पनि हो । तर अकसर गरी यो प्रश्न रिसमा वा विरोधको रूपमा गरिन्छ । यसरी सोधिन्छ "तपाईं पितृसत्ताको विरूद्ध हुनुहुन्छ भने मातृसत्ताको पक्षमा हुनुहुन्छ त ?" वास्तवमा यो प्रश्न पितृसत्ताको विरूद्धको हाम्रो आवाजलाई हाँसोमा उडाउन वा त्यस आवाजलाई बन्द गर्नको लागि उठाइन्छ । प्रश्नकर्ताको दिमागमा एक खराबीको ठाउँमा अर्को खराबी आउँछ । मानौं एक लिङ्गको प्रभुत्व विना समाजको कल्पना नै गर्न सकिन्न । हामी उँचनीच, द्वन्द्वको यति अभ्यस्त भइसक्यौं कि अन्य केही

सोच्नै सक्दैनौ । यो प्रश्न मानौ यस्तो छ "ल, कुवामा खस्न चाहन्नौ भने पोखरीमा खस्छौं त ?" अर्थात् खस्नु छदैछ, रोज कहाँ खस्छौं ?



हाम्रो स्पष्ट उत्तर यही हो हामी पितृसत्ताको ठाउँमा मातृसत्ता चाहन्नौ । एउटा खराबीको ठाउँमा अर्को खराबी चाहदैनौं । हामीलाई समस्या खाली पुरूषहरूको सत्ता, उनीहरूको अन्याय अत्याचारबाट मात्र हैन कि हरेक किसिमको अत्याचारी सत्ता, अन्याय, उँचनीचको ढाँचाबाट छ ।

पुरूष तानाशाहको ठाउँमा महिला तानाशाह बनाउने हाम्रो कति पनि इच्छा छैन । हाम्रो उद्देश्य त तानाशाहीलाई समाप्त गर्नु हो । हाम्रो दृष्टिकोणमा डुब्नुको उल्टो डुबाउन हैन, हार्नुको विपरित जित्नु पनि हैन । हामी यस्तो मानसिकताको विरोध गर्दछौं । हामीलाई अन्तर विरोधबाट पर जानुछ र सत्ताको गलत प्रयोगको विकल्प खोज्नु छ । एउटा निम्न, कष्टदायी ढाँचाको ठाउँमा अर्को उस्तै खालको ढाँचा खडा गर्नु छैन ।

यदि भोलिदेखि हाम्रो परिवारमा केटीहरूको सट्टा केटाहरूको भ्रुण हत्या वा बालहत्या हुन थाल्छ भने के महिलावादी धेरै खुशी हुन्छन् ? के यसबाट परिवार समाज या हाम्रो मानवतामा कम धक्का लाग्छ ? हामी महिलावादी यति मूर्ख छैनौं कि अत्याचारीहरूको, शोषकहरूको लिङ्ग बदल्दैमा खुशी हुनेछौं । क्यान्सरको किटाणुको लिङ्ग महिला होस् वा पुरूष होस् त्यसको भयानकता त कम हुँदैन ।

केही अरू व्यक्तिहरु जो हामी महिलावादीहरूदेखि खुशी छैनन् र हामीलाई उपदेश दिदैं भन्छन् "किन तपाईहरु पुरूष जस्तो हुन खोज्नु हुन्छ ? के तपाईंलाई थाहा छैन, यदि एउटी महिला पुरूष जस्तो भइन् भने तिनी राक्षसी हुन जान्छिन् तर जब पुरूष महिला जस्तो बन्छ भने ऊ देवता बन्छ ।"

हाम्रो सोझै उत्तर छ कि हामी पुरूषहरूको खराबीहरु कत्ति पनि अपनाउन चाहन्नौ । यदि हामी पुरूषहरूको हिंसात्मक व्यवहारबाट पीडित छौं र त्यस्तो स्वभाव मन पराउँदैनौ भने हामी किन त्यस्तो दूराचारी तथा हिंसात्मक बन्छौ ? हामी महिलाहरु पनि कहिलेकांहि दुराचारी भए पनि यो हाम्रो सिद्धान्तको कारण भएको हैन, हाम्रो कमजोरी कै कारण हुनजान्छ । कुनै व्यक्तिहरूलाई शायद आश्चर्य होला तर सत्य कुरा यही हो कि हामी महिलाहरु पनि व्यक्ति नै हौं र व्यक्ति भएको नाताबाट हामीले पनि दुर्व्यवहार गर्न सक्छौं, सिगरेट पिउन सक्छौं, तानाशाह बन्न सक्छौं र कमजोरमाथि प्रभुत्व जमाउन सक्छौं । तर यी पुरूषत्वका कामहरु या प्रवृत्तिहरु हाम्रो महिलावादी सिद्धान्त वा रणनीतिको उपज हैन । हामी यही चाहन्छौं कि पुरूषत्वको अर्थ यदि हिंसात्मक, आक्रामक, घमण्डी, स्वार्थी हो भने कोही पनि पुरूष नहोस् । पुरूष हुनुको अर्थ यदि राक्षस हुनु हो भने राक्षस कोही पनि नहोस्, न पुरूष होस् न महिला होस्, न केटी न केटा । हामीले राक्षसहरूको जमातलाई अन्त्य गर्नु छ । उसलाई महिलाको जामा लगाइ दिनु छैन । एकैघरमा एउटा राक्षसको ठाउँमा दुई ठूला राक्षस र तीन चारवटा साना राक्षस बनाएर केही फाइदा छैन । यो कुरा हामी महिलावादीले राम्ररी बुझेका छौं ।

अब प्रश्न यही छ कि हामी पितृसत्ताको स्थानमा कस्तो व्यवस्था चाहन्छौं ? यसको उत्तर अलि गाह्रै छ, किनभने हामी सबैले यसबारे निकै सोचेर भनिसक्यौं कि हामीलाई पितृसत्ता चाहिएन हामीले पितृसत्तालाई चिन्न र बुझ्नमा निकै मिहेनत गर्‍यौं र धेरै समय बिताइसक्यौं तर पितृसत्ताको ठाउँमा कस्तो ढाँचा हुन्छ यसबारे हामीले गहिरिएर सोचेका छैनौं । हामी यसको कुनै यस्तो ब्लुप्रिन्ट (जस्ताको तस्तै) बनाउन पनि चाहन्नौं जुन हरेक ठाउँमा लागु होस् । हामी कस्तो समाज चाहन्छौं त्यसबारे हामी सबै मिलेर सोच्नु पर्छ । एउटा कुरा के स्पष्ट छ भने हामी एउटा यस्तो समाज र परिवार चाहन्छौ जहाँ सबैको बराबर अधिकार होस्, बराबर सुविधाहरु होस्, प्रगति गर्दै अघि बढ्ने मौका होस् र जहाँ न्याय होस् । लिङ्ग, वर्ग, जातिको आधारमा अधिकार तथा सुविधाहरु आधारित नहोस् ।

परिवार यस्तो होस् जहाँ पुरूषहरूको मात्र आधिपत्य नहोस, महिला पुरूष, केटाकेटीले बराबर सम्मान तथा माया पाओस् । जहाँ काम र जिम्मेवारी व्यक्तिको इच्छा तथा योग्यतामा आधारित होस् न कि कसैको लिङ्गको आधारमा । परिवारमा सबैले आफ्नो अहंकार, स्वार्थ, हिंसात्मक प्रवृत्तिको बिरूद्ध लडोस् । माया, त्याग, सेवाको भावले सबै ओतप्रोत होउन् । यस्तो नहोस् कि जहाँ कोही हरबखत त्याग गर्दै रहोस् र अरूको सेवा गर्दै रहोस् र कोही हुकुम चलाइ रहोस् । सम्पत्तिमाथि छोरा-छोरी दुबैको समान अधिकार होस् । घरको काममा, बच्चाहरूको पालनपोषणमा सबैको सहभागिता होस् ।

## दक्षिण एशियामा महिलाहरूले पितृसत्ताको विरूद्ध के कस्ता कदम चाले ?



साधारणतया दक्षिण एशियाका धेरैजसो महिला समूहहरु समाजवादी महिलावादी विचारधाराका समर्थक हुन् अर्थात यिनीहरु मान्दछन् कि पितृसत्ता तथा वर्ग शोषण दुबै महत्वपूर्ण मुद्दा हुन् । दुवै एक आपसमा सम्बन्धित छन् र धेरैजसो ठाउँमा एकले अर्कोलाई सहयोग गर्छन् । महिलाहरूले एकैसाथ पितृसत्ता, वर्ग तथा जाति दबाबको व्यवस्थालाई चुनौति दिनुपर्छ ।

वितेको ३० वर्षमा दक्षिण एशियामा महिलाहरु र उनीहरूको संगठनहरूले अलग अलग ढङ्गले पितृसत्तालाई चुनौति दिएका थिए । उनीहरूका यी चुनौतिहरु स्थानीय, ब्यक्तिगत रूपमा आफै उठेका कार्यदेखि लिएर स्वयंसेवी महिला समूहद्वारा अरू राजनीतिक पार्टीहरु, ट्रेड युनियनहरु तथा सामाजिक आन्दोलनहरूसित मिलेर उठाएका कदमहरु पनि छन् । एक किसिमले महिलाहरूद्वारा पितृसत्तालाई सैद्धान्तिक रूप दिनु एउटा व्यवस्थाकै रूपमा त्यसको विश्लेषण गर्नु र त्यसको ढाँचालाई कसरी परिवर्तन गर्न सकिन्छ

भन्ने जान्ने प्रयत्नहरू सबै आफैमा हाम्रा सामु सशक्त चुनौतिका रूपमा छन् । त्यसपछि यस विश्लेषणलाई शैक्षिक, स्थानीय, क्षेत्रीय तथा अन्तराष्ट्रियस्तरमा र पूरै समाजमा कार्यरूप दिएकै कारण अब महिला अधिनताको मुद्दाहरू धेरैजसो राष्ट्रिय विषयसूचिहरूमा समावेश गरिएका छन् ।

वितेका दुई दशक या अलि बढी समयदेखि धेरै संख्यामा मध्यम वर्ग तथा कामदार वर्गका ग्रामीण र शहरी महिलाहरू पुरूष दमन र दवाव बारे बुझ्नको लागि सानो ठूलो समूहहरू, औपचारिक तथा अनौपचारिक बैठकहरू, अध्ययन शिविरहरू र कार्यशालाहरूमा लागिपरेका छन् ।

पितृसत्ताको विरूद्ध यसरी आम विरोधबाहेक व्यक्तिगतरूपमा महिलाहरूले र महिला समूहहरूले शक्ति संचयको लागि जन माध्यमहरू, सभाहरू, प्रशिक्षणहरू र स्थानीयस्तरमा शुरू गरिएका परियोजनाहरूका माध्यमद्वारा पितृसत्ताको अलग अलग विचारधारालाई चुनौति दिएका छन् । तिनीहरूले महिलाहरूमाथि हुने हिंसाको विभिन्न रूपको विश्लेषण गरेर अनेक तरिकाद्वारा त्यसको विरोध गरेका छन् । उनीहरूले

कानुनहरू परिवर्तन गर्ने, मौजुदा कानुनहरू कडाइका साथ पालन गर्ने र हिंसाको शिकार भएका महिलाहरूको लागि पुलिसको महिला सेल स्थापना गर्नको लागि जनमत बनाए र मेलमिलाप कायम गराए । यसैगरी कुटपिटको शिकार भएका महिलाहरूको लागि आश्रय, पीडित महिलाहरूको लागि सहायता दिने संस्थाहरू र आश्रय घरहरू खुले ।

महिलाहरू, महिला समूहहरू तथा महिलावादी विशेषज्ञहरूले हाम्रो देशको स्वास्थ्य, शिक्षा र कानुनी व्यवस्थामा रहेका पितृसत्तात्मक मान्यताहरू र लिङ्गमा आधारित पूर्वाग्रहहरूलाई चुनौति दिएका छन् । यी व्यवस्थाहरूलाई बढी समतावादी बनाउन अभियान चलाएका छन् । दक्षिण एशियाका लगभग सबै देशहरूमा महिला संगठनहरूले जनसञ्चार माध्यमहरूमा लिङ्गमा आधारित पूर्वाग्रहहरू तथा महिलाहरूको गलतरूपमा चित्रण र यसको प्रभावबारे अध्ययन गरी परिर्वनका लागि सुझाव तथा दिशा निर्देश गरे । यसै प्रकार महिला संगठनहरू र महिलावादी शोधकर्ताहरूले विकास नीतिहरू र महिलाहरूको

कार्यक्रमहरूबाट महिलाहरूमा पर्ने प्रभावको अध्ययन गरी नीतिहरू बनाउने र लागू गर्नेबारे राष्ट्रिय सरकारसित विचार विमर्श गरेका छन् । धेरै कलेजहरू र विश्वविद्यालयहरूमा महिला अध्ययन केन्द्रहरू खुलेका छन् जहाँ युवक युवतीहरू महिला पुरूष सम्बन्धहरू, सामाजिक लिंगसँग सम्बन्धित समस्याहरू आदि बारे अध्ययन र शोधकार्य गर्दछन् । एक दुइवटा पुरूषहरूको समूहहरू पनि छन् जो महिलाहरूमाथि हुने अत्याचारको विरोध गर्दछन् र पुरूषहरूको मानसिकता बुझ्ने कोसिस गर्दछन् ।

सारांशमा भन्ने हो भने पितृसत्ताको अंधकार हटाउनको लागि लाखौं साना ठूला बत्तीहरू बलिसकेका छन् । अन्धकारलाई हटाउने एक मात्र तरिका हो - उज्यालो फैलाउनु । हामी सबैले आ-आफ्नो स्तरमा, आ-आफ्नो तरिका र क्षमता अनुसार बत्ती बाल्नु छ । यो सानो किताब मैले बालेको एउटा बत्ती हो ।



# सन्दर्भ सामग्री


१. नारीवादको विभिन्न धारहरूमा पितृसत्ताको विश्लेषणको बारेमा एलिसन जेगरको पुस्तक "फेमिनिष्ट पोलिटिक्स एण्ड ह्यूमन नेचर" हेर्नुहोस् । (न्यूजर्सीः रोमन एण्ड एलन हैल्ड, १९९३)
२. गर्डा लर्नर, द क्रियशन अफ पेट्रियार्की अक्सफोर्ड एण्ड न्यूर्योकः(अक्सफोर्ड यूनिभर्सिटी प्रेस, १९८६) पृष्ठ २१७
३. गर्डा लर्नर, पृष्ठ २१९
४. एलिसन जेगर, पृष्ठ ३६७
५. सिल्बिया वेल्बी, थियोराजिङ पेट्रियार्की (अक्सफोर्डः बेसिल ब्लेकवेल, १९९०)
६. मेरी डेली, जिन–इकोलोजीः द मेटाएथिक्स अफ रेडिकल फेमिनिजम् (बोस्टन वीकम प्रेस, १९७८)
७. नारी मुक्ति संर्घष सम्मेलन, पटना, १९७८ को रिर्पोटबाट लिइएको ।
८. हायडी हार्टमन, "द अनहेप्पी मेरिज अफ मार्कसिज्म एण्ड फेमिनिजम् टुवर्डस् ए मोर प्रोग्रेसिभ यूनियन" इम क्यापिटल एण्ड क्लास ८, समर
९. गर्डा लर्नर
१०. सिल्बिया बेल्वी
११. गर्डा लर्नर, पृष्ठ १६
१२. गर्डा लर्नर, पृष्ठ २३
१३. उदाहरणको लागि सैला जेफ्री, "द नीड फर रिभोल्यूश्नरी फेमिनिजम्बाट विरोनिकाको अन पेट्रियार्कीमा" उदृत
१४. विरोनिका वीच
१५. सुजन ब्राउन मिलर,अगेन्ष्ट आवर वीलः म्यान, विमन एण्ड रेप (न्यूर्योकः बन्टाम, १९७६)
१६. गर्डा लर्नर, पृष्ठ ४६
१७. जेगर, पृष्ठ १६०
१८. बिरोनिका वीच
१९. बिरोनिका वीच
२०. हायटी हार्टमन
२१. मारिया मीसको पत्रको पुन प्रस्तुति, विमनः द लाष्ट कोलनी (काली फर विमन, १९८८, दिल्ली)
२२. गर्डा लर्नर
२३. गर्डा लर्नर
२४. उमा चक्रवर्ती "कन्सेप्चुलाइजिङ ब्रम्हानिकल पेट्रियार्की इन अर्लि इण्डियाः जेण्डर, काष्ट, क्लास एण्ड स्टेट" इकोनोमिक एण्ड पोलिटिकस वीक्ली, ३ अप्रिल, १९९३
२५. गेल आम्बेट "पेट्रियार्की एण्ड मेट्रियार्की", फेमिनिष्ट कन्सेप्ट सिरिज, एस. एन. डी. टी. बम्वई

स्त्री शक्ति
लाजिम्पाट, काठमाडौं
पोष्ट बक्स नं. २३१११
फोन नं./फ्याक्स नं: ४४४६०५३, ४४३३६९८
इमेल: shtriishakti@s2.wlink.com.np
वेभ साइट: www.shtriishakti.org